जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
सामाजिक सद्भावको प्रतीक होलीको सुखद् अवसरमा सम्पूर्ण पाठक, दर्शक, श्रोता, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक शुभकामना !
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

**नोट** : होलीको अवसरमा जनकपुर टुडे कार्यालय २०८२/११/१९ गते विदा रहेकाले २०८२/११/२० गते बुधबार कार्यालय खुल्ने छ। प्रकाशक

वर्ष २७ • अंक २७४ • २०८२ साल फाल्गुन १९ गते मंगलबार (3 March, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## अन्त: गृह परिक्रमा आज

**टुडे समाचारदाता**

जनकपुरधाम ।
जनकपुरधामको अन्तः गृह परिक्रमासंगै १५ दिने मिथिला माध्यमिकी परिक्रमा मंगलबार सम्पन्न हुने भएको छ।

धनुषाको मिथिला बिहारी नगरपालिकास्थित ठेरा कचुरीको मिथिला बिहारी मन्दिरबाट फागुन ८ गतेदेखि भगवानको डोला निस्केपछि १५ दिने मध्यमा परिक्रमा आरम्भ भएको थियो। परिक्रमामा सहभागी भएका श्रद्धालु पदयात्रीले नेपाल र भारतका विभिन्न विश्राम स्थलमा विश्राम गर्दै सोमबार जनकपुरधाम पुगेका छन् भने मंगलबार जनकपुरधामको अन्तःगृह परिक्रमासंगै समापन हुनेछ।

अन्तःगृह परिक्रमा समापन भएसंगै जनकपुरधाम क्षेत्रमा होली मनाइने परम्परा रहेको छ।

नेपाल- भारत दुवै देशको धार्मिक, सामाजिक तथा सांस्कृतिकको प्रतीक रहेको परिक्रमा पद यात्राको क्रममा नेपालमा १३ एवं भारतमा २ गरी १५ वटा विश्रामस्थल छन्। परिक्रमामा सहभागी यात्रीहरूले नेपालका १०७ र भारतका २६ गरी १३३ किलोमिटर पैदल यात्रा गर्ने गर्छन्।

### रोजगारी गुम्ने नेपाली श्रमिकको चिन्ता

# स्वदेशमा छैन रोजगार, वैदेशिक रोजगारी गुम्ने डर

**टुडे समाचारदाता**

जनकपुरधाम । यही फागुन २४ गते यूएइ उड्ने तयारीमा महोत्तरीको बालकृष्ण थापा थिए । म्यानपावर कम्पनीलाई साढे दुई लाख रूपैयाँ बुझाएर यूएई उड्न झोला पोको पारिसकेका उनी ऋणमा डुब्ने पिरमा परेका छन्।

म्यानपावरलाई तिरेको सबै पैसा उनले सयकडा तीनका दरले ऋणमा लिएका छन् । यूएइमा सेक्युरिटी गार्डको काममा जान पाउने भएपछि ऋण गरेरै भए पनि साढे दुई लाख रूपैयाँ पैसा तिरेको उनी बताउँछन् । त्यस्तै उनी जस्तै अछामका चक्रबहादुर खड्का पनि २२ फागुनमा कतार उड्ने तयारी गरिरहेका थिए।

उनले कतारमा इलेक्ट्रिसियनको काममा जान म्यानपावर कम्पनीलाई ९० हजार रूपैयाँ बुझाएका छन् । युद्ध चर्किँदै गए हातमा आइसकेको रोजगारी र ऋण काँढेको ९० हजार रूपैयाँ कसरी तिर्ने भन्ने पिरमा उनी परेका छन्।

खाडीका देशमा युद्ध चर्किँदा यीनै देशमा रोजगारीमा जाने तयारी गरिरहेका बालकृष्ण र चक्रबहादुरजस्ता हजारौँ युवा अलमलमा छन् । वैदेशिक रोजगार विभागको तथ्यांकले पछिल्लो समय दैनिक सरदर झण्डै २५ सय नेपालीले रोजगारीका लागि देश छोड्ने बताए।

तर खाडी क्षेत्रमा तनाब बढेपछि रोजगारीमा जान म्यानपावरलाई पैसा तिरिसकेका र भिसा लागेर टिकटसमेत काटिसकेकाहरू अलमलमा परेका छन्। गएको शनिबार त घरबाट बिदा भएर विमानस्थल पुगेका सयौँ श्रमिक अलपत्र परेका थिए । उडान हुन्छ कि भन्ने आस बोकेर कयौँ यात्रुहरू विमानस्थल पुगेका थिए।

यूएइको पिभोट कम्पनीमा काम गरिरहेका गुल्मीका रमेश भुसाल डरैडरमा दुई दिन बिताएको बताउँछन् । रमेशले आफू नेपाल फर्किन चाहेको कुरा यूएईमा रहेको नेपाली दूतावासलाई पनि फोन र सामाजिक सञ्जालमार्फत जानकारी गराए।

कुवेतमा कार्यरत आनन्द आचार्य पनि यतिबेला डर र चिन्तामा छन् । आकाशमा मिसाइलहरू निष्क्रिय भइरहेका दृश्य हेर्दै उनी काम गरिरहेका छन्।

साउदीमा रहेका रमेश कुमार सिटौला भने अहिले त्यहाँको अवस्था सामान्य नै रहेको बताउँछन् । सधैँझैँ नियमित काम चलिरहेको छ।

कतारको अवस्था भने ढुक्क हुन सक्ने नरहेको त्यहाँ कार्यरत सुदीप कुँवरले बताए।

अहिले कतारमा धेरैजसो निजी कम्पनीहरू अस्थायी रूपमा बन्द गरिएको छ । कतार सरकारले घरभित्रै बस्न र बाहिर ननिस्कन अनुरोध गरिरहेको छ। तर आइतबारदेखि भने त्यहाँ रहेका श्रमिकहरू आत्तिन थालेको सुदीपले बताए।

नेपालीहरूको मुख्य श्रम गन्तव्य देश खाडीका ६ देश र मलेसिया रहेका छन्। गएको माघ महिनामा मात्रै ७० हजार ५०३ जना श्रम स्वीकृति लिएर रोजगारीका लागि जाँदा सबैभन्दा



धेरै यूएइ गएका छन्। वैदेशिक रोजगार विभागका अनुसार यूएई जानका लागि मात्रै माघ महिनामा १५ हजार १३७ जनाले श्रम स्वीकृति लिएका छन्।

यूएइपछि साउदी अरेबीया जाने नेपालीहरूको संख्या धेरै छ । साउदी जान ११ हजार ५९२ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै माघ महिनामा कतार जानका लागि ११ हजार ५८०, कुवेतका लागि ५ हजार ४४३, ओमान जानका लागि १२ सय ५ र बहराइन जानका लागि ११ सय २७ जनाले श्रम स्वीकृति लिएका छन्।

खाडी देशमा अहिले १७ लाख २९ हजार २८८ नेपाली रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । मन्त्रालयले जनाए अनुसार ओमानमा २५ हजार, कतारमा ३ लाख ५७ हजार ९१३, कुवेतमा १ लाख ७५ हजार नेपाली कार्यरत रहेका छन् । त्यस्तै बहराइनमा २८ हजार, साउदी अरबमा ३ लाख ८४ हजार ८६५, यूएइमा झण्डै ७ लाख नेपाली रहेका छन्।

यसका साथै इरान ६ जना, इजरायलमा ६ हजार ५ सय, इजिप्टमा ५ सय, लेवलानमा १५ सय, इराकमा ३० हजार र साइप्रस १७ हजार नेपाली रहेको मन्त्रालयले जनाएको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले खाडीका देश जान टिकट काटिसकेका वा प्रक्रिया गरिरहेका नेपाली श्रमिकलाई रोजगारी गुम्ने चिन्ता नलिन आग्रह गरेको छ।

अमेरिका- इजरायलले इरानमाथि गरेको आक्रमण र खाडी मुलुकका अमेरिकी सैन्य अखडाहरूमा इरानले गरेको जवाफी हमलासँगै खाडी क्षेत्रमा युद्ध छेडिएको छ। इरानले यूएइमा गरेको हमलामा परी एक नेपालीको ज्यानसमेत गइसकेको छ।

नेपालीको मुख्य श्रम गन्तव्य देशमा युद्ध चर्किएपछि सरकारले साउदी अरेबीया, यूएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेवनान, टर्की र इजरायलका लागि श्रम स्वीकृति दिन बन्द गरेको छ । युद्धका कारण खाडीका देशमा तनाब बढ्दै गएपछि त्यहाँ रहेका १७ लाख भन्दा बढी नेपालीको सुरक्षा र उद्धारका लागि आवश्यक परे संघले नेपाल सरकार र गन्तव्य देशका कम्पनीहरूसँग सहकार्य र समन्वय गर्ने पनि संघका अध्यक्ष गुरुङले बताए।

पछिल्लो परिस्थितिलाई मध्येनगर गर्दै श्रम स्वीकृति दिन बन्द गरिए पनि स्थिति सामान्य हुनासाथ तत्काल श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने वैदेशिक रोजगार विभागका प्रवक्ता चन्द्र बहादुर शिवाकोटीले बताए।

अहिले खाडीका देश यूएइ, कतार, साउदी, ओमान, कुवेत, बहराइनजस्ता देशमा पनि इरानले मिसाइल आक्रमण गरिरहेको छ।



# आज खण्डग्रास ग्रहण लाग्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । फाल्गुन शुक्ल पूर्णिमाका दिन मंगलबार बेलुकी ग्रस्तोदितखण्डग्रास चन्द्र ग्रहण लाग्ने भएको छ । मङ्गलबार साँझ नेपालका विभिन्न भागबाट खण्डग्रास चन्द्रग्रहण देखिनेछ ।

चन्द्र ग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने नेपाल पञ्चांग निर्णायक विकास समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले जानकारी दिए ।

यो ग्रहण विशेष किसिमको रहने छ किनभने चन्द्रमा उदाउँदा नै ग्रहण लागेको अवस्थामा चन्द्रमा उदाउने भएकोले यो ग्रहणलाई दुर्लभ मानिएको वाल्मीकि क्याम्पसका वरिष्ठ खगोलविद् प्राडा जयन्त आचार्यको भनाईछ ।

आचार्यका अनुसार काठमाडौँमा साँझ ६:०४ बजे चन्द्रमाको उदय हुने छ । चन्द्रमा क्षितिजबाट माथि आउँदै गर्दा यसको आधाभन्दा धेरै भाग पृथ्वीको कालो छायाले ढाकिएको हुने छ ।

यो खगोलीय घटना काठमाडौँबाट करिब एक घण्टासम्म मात्र स्पष्ट रूपमा देख्न सकिने छ । साँझ ७:०४ बजेपछि चन्द्रमा बिस्तारै पृथ्वीको मुख्य छायाबाट बाहिर निस्कने छ ।

चन्द्रग्रहण अवलोकनका लागि कुनै विशेष उपकरण वा चस्माको आवश्यकता पर्दैन । सूर्यग्रहण जस्तो यसले आँखालाई असर नगर्ने हुनाले नाङ्गो आँखाले खुला ठाउँबाट यसलाई स्पष्ट र सुरक्षित रूपमा हेर्न सकिने उनले बताए । नेपालबाट यो ग्रहणपछि अब विसं २०८४ मा मात्र खण्डग्रास सूर्यग्रहण देखिने उनको भनाई छ ।

पृथ्वीले सूर्यलाई पूर्ण रूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्र ग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्र ग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्र ग्रहण हो ।

यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्र ग्रहण लागेको थियो । चन्द्र ग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ । ग्रहण पश्चात् स्नान गरी दानपूण्यका काम गर्ने, ग्रहण अवधिभर खानपिन नगर्ने, कीर्तन भजन गर्ने चलन सदियौँदेखि चलिआएको छ ।

# धार्मिक विकासका लागि पर्यटन क्षेत्रमा काम अघि बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । धार्मिक पर्यटनीय क्षेत्रतर्फ काम गर्दै आएको पर्यटन विकास कार्यालय जनकपुरधाम धनुषाले विकास निर्माणका कार्यलाई तीव्र रुपमा अघि बढाइएको छ ।

करिब दुई सातामै तीन वटा टेन्डर आह्वान गर्नु अघि सरकारी जग्गा संचालनका लागि योजनाको सम्पूर्ण जग्गाहरु यकिन गरी विवाद नरहेको स्पष्ट भएपछि कार्यलाई अघि बढाइएको उनको भनाइ छ ।

निमित्त कार्यालय प्रमुख



धनुषा र महोत्तरी कार्यक्षेत्रमा विकास निर्माणको १९ वटा टेन्डरको कार्यलाई तीव्र रुपमा अघि बढाइएको निमित्त कार्यालय प्रमुख संजय कुमार मिश्रले जानकारी दिए ।

अहिले कार्यालयसमेत व्यवस्थित भएपछि कर्मचारीहरु समेत फिल्डमा गएर प्रभावकारी रुपमा विकास निर्माणको कार्यले तीव्रता पाएको छ ।

मिश्रले जनाए अनुसार विकास निर्माणको तीन वटा आह्वान गरिएको छ । जस अनुसार ८० लाख रुपैयाँ देखि ३५ लाख रुपैयाँसम्मको सूचना प्रकाशित गरिएको उनले बताए ।

पर्यटन विकास कार्यालय जनकपुरधाम धनुषाले करिब दुई सातामा तीनवटा टेन्डर आह्वान गरिएको र निर्वाचनपछि विकास निर्माणको कार्यलाई तीव्रता दिइने उनले बताए ।

# होली मर्यादित र शान्तिपूर्ण रूपमा मनाउन अपिल

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रशासन कार्यालय रौतहटले फागु पूर्णिमा (होली) पर्वलाई मर्यादित, शान्तिपूर्ण र अनुशासित रूपमा मनाउन सर्वसाधारणलाई अपिल गरेको छ ।



होली पर्वको अवसरमा जारी सूचनामा प्रशासनले सामाजिक सद्भाव, आपसी भाइचारा र सांस्कृतिक एकतालाई मजबुत बनाउने पर्वलाई अवाञ्छित गतिविधि, विकृति र अराजकता बाट टाढा राख्न सबै पक्षको सहकार्य आवश्यक रहेको जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालद्वारा जारी सूचनामा विगतका वर्षहरूमा होली मनाउने नाममा देखिएका अनावश्यक तडक-भडक, होहल्ला, झैँझगडा, जबर्जस्ती रंग तथा पानी हान्ने, मादक पदार्थको सेवन र सार्वजनिक शान्तिमा खलल पुर्‍याउने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ ।

यस्ता कार्यले शान्ति सुरक्षामा प्रतिकूल असर पार्ने भएकाले कसैको इच्छाविपरीत रंग र पानी नहान्न तथा अमर्यादित व्यवहार नगर्न आग्रह गरिएको छ ।

यसैबीच आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आचारसंहिता, २०८२ अनुसार होलीको समयमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित निर्वाचन चिन्ह, झण्डा, लोगो वा तस्बिर अंकित टि-सर्ट, गम्छा, ब्याज, मास्क, टोपी लगायतका सामग्री प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको प्रशासनले जनाएको छ ।

प्रशासनले खुला सडक तथा सार्वजनिक स्थानमा भिडभाड गर्ने, मेला-महोत्सव आयोजना गर्ने, डिजे तथा ध्वनि प्रदूषण गर्ने साधन प्रयोग गर्ने, मञ्च बनाएर सांगीतिक कार्यक्रम सञ्चालन गर्ने तथा मादक पदार्थको बिक्री वितरण र सेवन गर्ने कार्यहरू निर्वाचन आचारसंहिता विपरीत हुने स्पष्ट पारेको छ।

यसवर्ष होली पर्व निर्वाचनको मौन अवधिभित्र परेकाले आचारसंहिता पालना गर्नु सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै प्रशासनले पर्वलाई घर-परिवार र आफन्तबीच सीमित राखेर सभ्य र मर्यादित ढंगले मनाउन अनुरोध गरेको छ ।

निर्वाचनलाई प्रभावित पार्ने खालका अमर्यादित, उच्छृङ्खल वा गैरकानुनी गतिविधिमा संलग्न भएमा प्रचलित कानूनअनुसार कडा कारबाही गरिने चेतावनी पनि जिल्ला प्रशासन कार्यालय रौतहटले दिएको छ ।

# शंकास्पद वस्तु फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको राजपुर नगरपालिका ३ को सडकछेउ शंकास्पद वस्तु फेला परेको छ । वडा नं ३ मा रहेको ग्रामीण सडक किनारमा बेवारिसे अवस्थामा रहेको शंकास्पद वस्तु देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

खबर पाए लगतै सुरक्षाकर्मीको टोली घटनास्थलमा पुगेको थियो । सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै गौर पुरेनवास्थित नारायण दल गणबाट नेपाली सेनाको बम डिस्पोजल टोली परिचालन गरिएको छ ।

बम डिस्पोजल टोलीले उक्त शंकास्पद वस्तुको प्रकृति पहिचान गर्ने तथा आवश्यक प्रक्रिया पूरा गरी सुरक्षित डिस्पोज गर्ने तयारी गरिरहेको नेपाली सेनाको नारायण दल गणले जनाएको छ ।

घटनास्थल वरपर सर्वसाधारणको आवतजावत रोकिएको छ भने सुरक्षा घेरा कडा पारिएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए ।

# लागू औषध गाँजासहित दुई पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले जिल्लाको बलानबिहुल गाउँपालिकाबाट लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

गाउँपालिकाको वडा २ स्थित दिगियाबाट आईतबार राति विशेष सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले किशुन देव यादवको निर्माणाधीन तीनतले पक्की घरबाट ५८ किलो लागूऔषध सहित दुवैलाई नियन्त्रणमा लिएको हो ।


घटनास्थलबाट घरधनी ४५ वर्षीय किशुन देव यादव र घरको दोस्रो तल्लामा सुतिरहेका ४५ वर्षीय सुरेन्द्र यादवलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीको कमाण्डमा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाका लागि धनुषाबाट खटिएका प्रहरी निरीक्षक खेमप्रसाद नेपालको नेतृत्वमा खटिएको टोलीले यादवको निर्माणाधीन तीनतले पक्की घरमा खानतलासी गरेको थियो ।

सो क्रममा घरको तल्लो तलाबाट सेतो प्लास्टिकका तीन बोरा भित्र राखिएको गाँजाजस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । पक्राउ परेका दुवै व्यक्ति, बरामद गाँजा तथा घटनासम्बन्धी सामग्री आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको प्रहरीले जनाएको छ ।

# आगलागीमा लाखौंको क्षति

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कञ्चनरुपनगरपालिका-१,बैरवामा आगलागीले तीन घर जलेर नष्ट भएको हो । आइतबार इसलाम मंसुरीको घरमा बालेको घुरबाट अचानक आगो सल्किएर आगलागी भएको थियो ।



भएको छ भने लाखौंको क्षति भएको छ ।

स्थानीय इसलाम मंसुरी, इनुस मंसुरी र खुदरत मंसुरीको घर जलेर नष्ट हुँदा सात लाख बराबरको क्षति

आगलागीबाट इसलामको जस्ताको छानो भएको कच्ची घर, घर भित्र रहेको अन्नपात, लत्ताकपडा पूर्ण रूपमा जलेर नष्ट हुँदा एक लाख पचास हजार रुपियाँ बराबरको क्षति भएको छ ।

सोही ठाउँका इनुसको जस्ताको छानो भएको कच्ची घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा पूर्णरूपमा जलेर नष्ट भएर दुई लाख पचास हजार र खुदरत मंसुरीको जस्ताको छानो भएको कच्ची घर, घर भित्र रहेको अन्नपात, लत्ताकपडा पूर्णरूपमा जलेर नष्ट हुँदा तीन लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट कुल सात लाख रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिएका छन् । आगो नेपाल प्रहरी, दमकल र स्थानियवासीको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

# पर्सामा एक हजार ९० अस्थायी मतदाता

वीरगञ्ज । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्सामा अस्थायी मतदाताको सङ्ख्या एक हजार ९० जना रहेका छन् । जिल्ला निर्वाचन कार्यालय पर्साका अनुसार पर्सामा दुई वटा अस्थायी मतदान केन्द्र तोकिएको छ ।



जिल्ला निर्वाचन कार्यालय पर्साका प्रमुख अनामिका रौनियारले पर्सामा सरकारी कर्मचारी तथा कारागारका कैदीबन्दी, सुरक्षा निकाय लगायतका एक हजार ९० जना अस्थायी मतदाताले प्रतिनधिसभाको समानुपातिकतर्फको मतदान गर्न पाउने बताउनुभयो ।"निर्वाचनको लागि मतदान केन्द्रमा खटिनुभएका कर्मचारीले आफू खटिएको ठाउँमा नै मतदान गर्न पाउने व्यवस्था गरेका छौँ," उहाँले भन्नुभयो,"अन्य मतदाताको हकमा भने वीरगञ्ज कारागार र जिल्ला हुलाक कार्यालय पर्साको प्राङ्गणमा मतदान गर्ने व्यवस्था मिलाएका छौँ ।" वीरगञ्ज कारागारका प्रशासक बाबुलाल रेग्मीले वीरगञ्ज कारागारमा रहेका ३५ जना कैदीबन्दी मतदानमा सहभागी हुने जानकारी दिनुभयो ।

"मतदाता नामावलीमा नाम समावेश गरेका ३५ जना कैदीबन्दी समानुपतिकतर्फको निर्वाचनमा मतदान गर्दै हुनुहुन्छ," उहाँले भन्नुभयो,"कैदीबन्दीले पनि आफ्नो मताधिकार प्रयोग गर्न पाउने व्यवस्था अनुसार कारागारमा नै अस्थायी मतदान केन्द्र तोकेर मतदानको व्यवस्था मिलाइएको छ ।"

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले पर्सामा भयरहित निर्वाचनको लागि आवश्यक वातावरण तयार पारेको जानकारी दिनुभयो । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले पर्सामा निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा गर्ने गरी आवश्यक तयारी गरेको बताउनुभयो ।

जिल्लाको चार वटै निर्वाचन क्षेत्रमा १०७ जना उम्मेदवार रहेका छन् । जसमध्ये ४६ जना उम्मेदवार स्वतन्त्र रहेका छन् । स्वतन्त्र उम्मेदवारमध्ये पनि सात जना महिला र ३९ जना पुरुष उम्मेदवार रहेका छन् । त्यस्तै राजनीतिक दलको तर्फबाट ६१ जना उम्मेदवार रहेका छन् । यसमध्ये पाँच जना महिला उम्मेदवार र ५६ जना पुरुष उम्मेदवार छन् ।रासस

# सवारी दुर्घटनामा २ को मृत्यु

**टुडे समाचारदाता**

लहान । बस र मोटरसाइकल आपसमा ठोकिंदा सिरहामा २ युवकको मृत्यु भएको छ भने एक किशोर सख्त घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको गोलबजार नगरापलिका-३ जमनटोकी नजिक आइतबार राति बस र मोटरसाइकल ठोकिँदा धनगढीमाई नगरपालिका-८ का ३७ वर्षीय सन्तोष महतो र २० वर्षीय अमन रायको मृत्यु भएको सिरहा प्रहरीले जनाएका छ ।

गोलबजारबाट पूर्वतर्फ आउँदै गरेको स.५प. ४७५९ नम्बरको मोटरसाइकल र धरानबाट भैरहवातर्फ जाँदै गरेको लु२ख १०८५ नम्बरको बस ठोकिँदा घाइते भएका उनीहरुको स्थानीय स्वास्थ्य संस्थामा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख इन्सपेक्टर सुधन केसीले जानकारी दिए ।

दुर्घटनामा परी १७ वर्षीय धिरज मण्डल सख्त घाइते भएका छन् । मृतक र घाइते तीनै जना एउटै मोटरसाइकलमा सवार थिए । घाइते मण्डलको विराटनगरमा उपचार भइरहेको छ ।

मृतकको शव पोष्टमार्टमको लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रदेशिक अस्पतालमा राखिएको छ । बस र चालक प्रहरीको नियन्त्रणमा छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।


ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईको उर्जा स्थिर रहला तर धैर्य जरुरी छ । |
| वृष : | अधुरा काम पुरा गर्न राम्रो दिन हो । परिश्रमको फल मिल्ने सम्भावना छ। |
| मिथुन : | सृजनात्मक काममा मन लाग्नेछ । साथीभाईसंग सहकार्यले फाइदा मिल्नेछ। |
| कर्कट : | परिवारको साथले मन खुशी हुने दिने हो। आर्थिक पक्ष सुधारतर्फ लाग्नेछ । |
| सिंह : | काममा नयाँ चुनौती आउन सक्छ । सकारात्मक सोचले सफलता दिलाउनेछ। |
| कन्या : | संकल्प र मेहनतले काम अघि बढ्नेछ। |
| तुला : | साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ । |
| वृश्चिक : | मनमा उत्साह बढ्नेछ । रोकिएका काम अघि बढ्ने सम्भावना छ। |
| धनु : | नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ । साथीभाईसंग राम्रो समय बित्नेछ। |
| मकर : | परिश्रमले सम्मान दिलाउने दिन हो । काममा प्रगति देखिनेछ । |
| कुम्भ: | सृजनात्मक सोच बढ्नेछ । सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो। |
| मीन : | शान्त र सकारात्मक दिन हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## बुरा न मानो होली है




होलीको अवसरमा प्रकाशित विशेष, रिसानी माफ होस् ।
कृष्ण प्रसाद यादव (मुख्यमन्त्री)- गगनाके अैला स ग्रहदशा खराव बा ।
रानी शर्मा तिवारी (शिक्षा मन्त्री) - मुख्यमन्त्री नइ भेली त कि भेल मन्त्री त बनिए गेली
महेश प्रसाद यादव(अर्थ मन्त्री) - सतिसबाके भगाइए क रहली
फकिरा महतो (गृहमन्त्री) -फकिर स लकिर
श्याम प्रसाद पटेल (कृषि मन्त्री) - शेषनागके नइ आवय देलीयै
राजकुमार गुप्ता(भौतिक पूर्वाधार मन्त्री)- रमचन्दराके माइर अखनो विसविसाइय
विमलेन्द्र निधि - अखनु तक हरियरीए देखाइय
मनिष झा - कोनो जल्दी न है मन्दिरे मन्दिर भटक के
जुली कुमारी महतो - अभि त गेम बाकिए हइ
परमेश्वर साह - इ त रिहलसल हइ,पालिका बाकिए हइ
मातृकाप्रसाद यादव - बलु यी हमर अन्तिमे हइ
दिपक कार्की -बाबा उधियागेलै तबे मे
किशोरी साह - पाप खियाइर रहल हइ
रामचन्द्र मण्डल -कमण्डल ल क बौवाइ छि केउ नै दैय
रामपल्टन साह -गगना जिन्दावाद त हमहु जिन्देवाद
रामचन्द्र झा - पतरा देख रहल छि
दिनेश प्रसैला - जोर लगाके हैसा
रामविनोद यादव- पुरनका दिन बड सतबैय
उमाशंकर अरगरीया-घर बदलइत बदलइत तवाह छि
महेन्द्र यादव- कमिशन त दियही परतौ न
रघुवीर महासेठ - शेरे धनुषाके बाद त हमही छी न
गगन कुमार थापा - पार्टी त भइएगेल आब मधेश वाकि हइ
पुष्पकमल दाहाल प्रचण्ड- सभ वजैछे त बाज हम चुप छि
केपी शर्मा ओली - बेलुने फोइर देवै
उपेन्द्र यादव - गइल भैसीया पानीमे
राजेन्द्र महतो - हमहु पार्टीए प्रवेश करब
माधव कुमार नेपाल - एम्कीबेर देखलिहे बबुवा
महन्थ ठाकुर- हमहुँ आ हमर बेटीयो जिन्दावाद ।
मनोज कुमार साह (मेयर)- अचारविचार अपन ठाम कि दाढीवला ?
रामअशिष यादव (सभामुख)- न मुख्यमन्त्री त सभामुखे सही ।
सीके राउत- बडी दशा लगा देलक काला नाग ।
राजेशमान सिंह (वीरगञ्ज मेयर)- दलेदल भटकबै त कि होतै
जीवनाथ चौधरी- अइ बेर देखाइए देबै कि ।
प्रमोद चौधरी (जनकपुरधाम)- नाम भैयाके काम भौजाइके ।
निर्मल चौधरी- कनि दिन लेल हम स्वतन्त्र नइ छी ।
सुरेन्द्र भण्डारी (अध्यक्ष जउवासंघ)- भन्सार छली स बचबे करबै, जेबीएमे झोले है ।
नवल यादव (महन्त)- मन्दिरके नइ हम पार्टीवला महन्त छी ।
रामतपेश्वर दास वैष्णव (महन्त)- आब दरबारे पर आस अछि ।
रोशन दास (उत्तराधिकारी महन्त)- पद आ दियादके मारल ।
श्याम सुन्दर शशि(साहित्यकार)- अड्डे अड्डा बौवाइत छी ।
रामभरोस कापडी - कतेक नुकाउ, सभ देखार भ जाइए ।
बृजकुमार यादव - हमरा लग ढौवे न है ।
डा.विजय कुमार सिंह - लोटा ल क हमरो डुबा देलक
वृषेशचन्द्र लाल - दरदर कत भटकु ?
मनोज चौधरी (बस अध्यक्ष)- सिन्डिकेट लगेबौ आ मेयरो बनबौ ।
रमेश रञ्जन झा - झिरझिर कोना झिरझिर कोना कोन कोना जाउ ।
शंकर साह (माला) - बाबा हौ पार लगाब
कुमर कान्त झा (प्रदेश सांसद)- हमरो पालो अतै ।
विनयकुमार यादव (मेयर)- अखनो हमरा प उपमेयरे भारी ।
राजकुमार साह(मेयर)- कोनो टेन्सन न है ।
बालेश्वर मण्डल (मेयर)- धनुषकैँ कसम, हमर काम पहिले त तोहर ।
जीतनारायण यादव (मेयर)- उपमेयर साहब केना क थाँक्यु कहु ।
कारीप्रसाद यादव (मेयर)- हमरा स फरिछो पहिने ।
महेन्द्र महतो (मेयर)- मेरो ट्वाइसी खोइ ।
सुखदेव यादव (मेयर)- कि हौ योगी, जोगी लगैछा ।
बेचन दास तत्मा (मेयर)- हमर नामे काफी है ।
दिनेश यादव (मेयर)- भरोसे भरोस पर कतेक दिन ।
विशेश्वर यादव (मेयर)- उपमेयर स तबाह छी ।
विपिन देव यादव (मेयर)- सभ घाटके पानि पिने ।
रामअशिष महतो (मेयर)- हमरो स बेसी बुझै छे ।
जयकुमार यादव (मेयर)- फेर स तस्करीए करु कि ।
भोगेन्द्र मिश्र (अध्यक्ष)- बाबासिर स परेशान ।
उमाशंकर प्रसाद साह (मेयर)- हाकीम बड दुख दै है ।
राजेन्द्र प्रसाद यादव (मेयर)- हमहु छी ।
सुनिल मल्लिक - नाम अभियानी, काम ढौवामुखी ।
डा. भोगेन्द्र झा- देशके दुर्भाग्य छै ।
डा. पशुपतिनाथ झा- मैथिली स विरक्त छी
परमेश्वर कापडि- नंगर झुलाउन
रोशन जनकपुरी- जन स बेसी मनके कवी पर जोर
बीरेन्द्र साह (मोडेल)- आब हमहु साहित्यकार भगेली ।
पवन ठाकुर (सोनाचाँदी)- कखनो अइ पार कखनो ओइ पार
विजयेता झा (एमाले नेतृ)- सरोजबा चल्ते हमरा टिकस नइ भेटल
प्रेम प्रसाद लुँईटेल (सीडीओ धनुषा)- कानुन बन्दैमा आमाको नाममा नागरिकता किन चाहियो ?
रुग्मबहादुर कुँवर (एसपी धनुषा)- शान्त र सुरक्षा हुन्छ तर सुन्दर र स्वच्छ कसरी हुन्छ ?
किरण कर्ण (पत्रकार) : हमरा भोज खाइमे बड मन लगैय
सुभाष कर्ण (पत्रकार) : हमरा बड जानकारी हइ
पुरन गुप्ता (पत्रकार) : हम दुनु दिस छि
अनिल मिश्र (पत्रकार) : वडा दशा वा




# होलीमा गुञ्जिरहेका छन् पुरानै गीत

काठमाण्डु । फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व आज आज हिमाली एवम् पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइँदैछ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आज परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने गरिन्छ । सत्यको विजय र असत्यको नाश भएको उत्सवका रूपमा होली पर्व मनाइने गरिएको आम विश्वास छ ।

यो पर्वमा गीत-सङ्गीतको आफ्नै महत्व छ । ख्याली, टप्पा, जोगिरा र वसन्त राग गाउँदै अबिर लगाएर शुभकामना आदानप्रदान गरिने भएता पनि नेपाली चलचित्रका केही कालजयी गीत छन्, जसले होली आएको आभाष दिलाउने गरेका छन् । ती गीतहरू गाउँ होस् या सहर उत्तिकै गुञ्जिन रहेका छन् । चाडपर्व जतिसुकै आधुनिक परम्पाराले मनाएता पनि पुरानै गीत गुञ्जिने गरेको पाइन्छ ।

होली रङको मात्रै पर्व होइन, यो सङ्गीतको पर्व पनि हो । होलीमा रङ जस्तै गीतसङ्गीतको स्थान पनि महत्वपूर्ण छ । त्यसो त हाम्रा हरेक पर्वमा गीतसङ्गीतको विशेष स्थान छ । तीज, दसैं, तिहारलगायतका पर्वमा जस्तै होलीमा पनि सङ्गीतको विशेष महत्व छ । सङ्गीतविना हाम्रा पर्व अधुरा छन् ।

हरेक होलीमा धेरै प्राथमिकता पर्ने गीत हो 'होलीले रङ्गायो मेरो चोली' । सन् १९९३ मा निर्माण भएको चलचित्र 'अधिकार' मा समावेश उक्त गीतले पर्व आएको आभाष दिलाउने गर्छ । आज आयोजना हुने कार्यक्रममा यो गीत नगुञ्जिने सम्भावना न्यून हुन्छ । अभिनेता राजेश हमाल, मिथिला शर्मा, कृष्टी मैनाली, प्रकाश थापा, राजाराम पौडेल, बसुन्धरा भुसाल, नीर शाहलगायतका कलाकारले नृत्य गर्नुभएको गीत अहिलेको पुस्तामा पनि उत्तिकै लोकप्रिय छ ।



चलचित्र 'वसन्ती' एक ऐतिहासिक विषयमा निर्माण भएको चलचित्रका रूपमा चिनिएता पनि यसमा समावेश 'फागु हो फागु हो' बोलको गीत होलीमा धेरै गुन्जिने गीतमा पर्छ । राणाकालीन समयमा दरबारभित्र होलीलाई कसरी मनाइन्थ्यो भन्ने कुरा उक्त गीतमा देखाएको छ । गीतमा राजेश हमाल, करिश्मा मानन्धर, निरुता सिंहलगायतका कलाकार देख्न सकिन्छ ।

नेपालका प्रख्यात उपन्यासकार डायमण्डशमशेर राणाले लेख्नुभएको उपन्यास 'वसन्ती' मा आधारित रहेर निर्माण भएको उक्त चलचित्र नीर शाहले निर्देशन गर्नुभएको हो । नीर शाहकै शब्द रहेको गीतमा शम्भुजित बाँस्कोटाको सङ्गीत र ज्ञानु राणा तथा लोचन भट्टराईको स्वर छ ।

नेपाली चलचित्र 'सीता' मा समावेश गीत 'आज जनकपुरमे होली है' अझै पनि उत्तिकै लोकप्रिय छ । अभिनेता श्रीकृष्ण श्रेष्ठ, सारङ्गा श्रेष्ठ, राजाराम पौडेल, किरण केसी अभिनित उक्त चलचित्रको प्रदर्शन विसं २०५१ सालमा भएको थियो । उक्त गीतमा जनकपुर क्षेत्रमा कसरी होली मनाइन्छ भन्ने कुरा देखाइएको छ ।

यस्तै, चलचित्र 'बटरफ्लाई'मा समावेश ' होली रे', चलचित्र 'फागु'मा समावेश 'आऊ न आऊ खेलौँ होली', चलचित्र 'गाजलु'मा समावेश 'रङ रङ्गा' होलीमा आज गुञ्जिरहेका छन् ।

निर्देशक पुर्णेन्द्र झा निर्देशित चलचित्र 'संरक्षण' मा समावेश 'होरीमे गोरी' बोलको होली गीत तराई क्षेत्रमा होलीको समय धेरै बज्ने गीतमध्येको एक हो । भोजपुरीमा शब्द रहेको यो गीत छायाङ्कन गर्न होलीको आयोजना नै गरिएको निर्देशक झाले बताउनुभयो । "तराईको कथावस्तुमा निर्मित चलचित्र भएकाले हामीले होलीको सन्दर्भ पारेर गीत तयार गरेका थियौँ । अन्य समयमा गीतको खासै चर्चा नभएता पनि होलीमा भने यो धेरै सुनिने गीतमा पर्छ । हामीले यसमा मिथिला क्षेत्रमा मनाइने होलीलाई देखाएका छौँ । अन्य सामान्य गीत भन्दा केही खर्चिलो भएता पनि यो गीतले संस्कृति महत्व बोकेको छ", निर्देशक झाले भन्नुभयो ।

होली बाहेकको समयमा छायाङ्कन गरिएकाले उक्त अवधिभर होलीको माहोल सिर्जना गरिएको उहाँले बताउनुभयो । होली पर्वलाई लक्षित गर्दै नयाँ गीत नबनेका होइनन् तर पुरानै गीतमा आकर्षण रहिरहनुलाई सङ्गीतकार अर्जुन पोखरेलले स्वाभाविक रूपमा लिनुभएको छ ।

उहाँले पुराना गीतमा चाडपर्वको प्रसङ्ग र सोही वातावरणमा गीतसङ्गीतको दृश्याङ्कन गरिएकाले ती गीत कालजयी हुन् सफल भएको बताउनुभयो । "हामीले उल्लेख गरिरहेको गीतहरू चलचित्रमै प्रसङ्गसहित आएका थिएँ । त्यही भएर दर्शकको रोजाइमा पर्न सफल भए । चलचित्रमा भएका गीतसङ्गीतले गीतिसङग्रहको तुलनामा बढी प्रचार पाउँछन्, सोही कारण पनि अहिले उक्त गीतहरू हामीले सुन्छौं र उत्तिकै मन पर्छ", सङ्गीतकार पोखरेलले भन्नुभयो ।

सङ्गीतकार पोखरेल झैं गायक कर्णराज गिरी पनि पुरानै गीतमा नाचगान गर्दै होली मनाउनु हुन्छ । नयाँ गीत आइरहेता पनि उहाँलाई स्मरण छैन । "म कार्यक्रममा होस् या मेला, महोत्सवमा होलीको सन्दर्भमा पुरानै लोकप्रिय गीत गाउने गरेको छु । उक्त गीतको बारेमा सबैलाई थाहा भएकाले त्यसमा सबैले रमाइलो गर्नुहुन्छ", गायक गिरीले भन्नुभयो । आज पहाडी भेगमा होली पर्व मनाइए पनि तराईमा भने भोलि मनाइने छ ।रासस

## फागुपूर्णिमा (होली) ले आपसी सद्भाव कायम राख्न प्रेरणा मिलोस् : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीहरूको विशेष पर्व फागुपूर्णिमा (होली) ले समाजमा आपसी सद्भाव कायम राख्न थप प्रेरणा मिलोस् भनी कामना गर्नुभएको छ ।

होली पर्वको सुखद अवसरमा सोमबार एक शुभकामना सन्देश जारी गर्दै उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिका लागि मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको हो । राष्ट्रपति पौडेलद्वारा जारी सन्देशमा भनिएको छ, "होली पर्वले समाजमा विद्यमान विभिन्न प्रकारका विकृति, विसङ्गति एवम् कुरीतिलाई निर्मूल गर्दै मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्न तथा समाजमा आपसी सद्भाव कायम राख्न थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।"

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको, दूराचारमाथि सदाचारको र अधर्ममाथि धर्मको विजय भएको खुसियालीमा मनाइने होली पर्वमा वैरभाव परित्याग गरी प्रेमभाव र आत्मीयताका साथ आफन्तजन एवम् साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ्ग दलेर सद्भाव प्रकट गर्ने तथा रमाइलो गर्ने परम्परा रहेको राष्ट्रपति पौडेलको भनाइ छ ।


रङ्गहरूको पर्वका रुपमा प्रत्येक वर्ष फागुपूर्णिमा (होली) पर्व देशभर वसन्त ऋतुका अनेक रङ्गहरूलाई प्रतिविम्बित गर्ने पर्वका रुपमा हर्षोल्लासपूर्वक मनाउने गरिन्छ । विभिन्न रङ्गीचङ्गी कपडाले सजिएको चिर ठड्याएपछि प्रारम्भ हुने होली पर्व पूर्णिमाको राति चिर दाह गरेपछि समापन हुन्छ ।

राष्ट्रपति पौडेलले होलीमा खेलिने विविध रङ्गहरू जस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिक रुपमा विविधतापूर्ण रहेको र त्यही विविधताबीचको एकता नै हामी नेपालीको पहिचान र सुन्दरता भएको पनि उल्लेख गर्नुभएको छ ।रासस

## मङ्गलबार ग्रस्तोदितखण्डग्रास चन्द्रग्रहण

काठमाण्डु । फाल्गुन शुक्ल पूर्णिमाका दिन मङ्गलबार बेलुकी ग्रस्तोदितखण्डग्रास (उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार ग्रहणले मङ्गलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग)मा उल्लेख गरिएको छ । चन्द्रग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो । बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ । बेलुकी ७ बजेर २ मिनेटमा चन्द्रग्रहण सकिन्छ । नेपालबाट करिब एक घण्टा चन्द्रग्रहण देखिनेछ ।



पृथ्वीले सूर्यलाई पूर्ण रुपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्रग्रहण हो । आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्रग्रहण हो । पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो । यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो । यसअघि गत भदौ २२ गते खग्रास चन्द्रग्रहण लागेको थियो । चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ ।

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ । ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा तोयराज नेपालले बताउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रुपमा भोजन निषेध गरिएको पनि उहाँले बताउनुभयो ।

मङ्गलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ ।

**विशेष उपकरणविना नै हेर्न सकिन्छ चन्द्रग्रहण**

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्रग्रहण र दुई सूर्यग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने भोलिको चन्द्रग्रहण खण्डग्रास चन्द्रग्रहणका रूपमा देखिनेछ । मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्रग्रहण प्रष्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीले जनाएको छ। चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन ।

मङ्गलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ०७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्रग्रहण मौसमले साथ दिएमा प्रष्ट रुपले हेर्न सकिनेछ । सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो। ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिनेछ । चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उहाँले बताउनुभयो ।

पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ । यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बीचमा पर्न जान्छ, तव पृथ्वीको छाँया चन्द्रमामा पर्दछ । चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाँले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्रग्रहण भनिन्छ । सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औंसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्रग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब ५ डिग्रीको कोण बनाएको हुन्छ । यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई बिन्दुमा काटेको हुन्छ । यी दुई बिन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उहाँले बताउनुभयो ।रासस

## होली विशेष : जीवनको सप्तरंग

काठमाण्डु । होली आफैमा यस्तो पर्व जसले उत्साहको रंग फिँजाएको छ । यी रंगहरुले हाम्रा दुःख, पीडा, उदासी, भयबाट क्षणभरकै लागि भएपनि मुक्त गराउँछ । र, जीवनको सार्थकता खेज्न संकेत गर्छ ।

जन्मने हरेक मान्छेसँग अझ भनौं प्राणीसँग दुःख छ । कष्ट छ । पीर र व्यथा छ । तर, यी पीर व्यथा गुम्साएर जीवनलाई उदास एवं निरास बनाउनुको कुनै अर्थ छैन । बरु जीवनप्रति आशावादी हुनुपर्छ । जीवनप्रति उत्साहित हुनुपर्छ । जीवनलाई सप्तरंगी बनाउनुपर्छ । होलीले दिने सन्देश यही हो ।



एउटा श्यामश्वेत क्यानभासमा जब रंगहरु पोतिन्छ, त्यो मोहक र अर्थपूर्ण बन्छ । जीवनको क्यानभासमा पनि रंगहरु पोतिनुपर्छ । रंग आफैमा प्रकृतिको अनुपम रचना हो । रंग नै नहुँदो हो त संसार कति उराठलाग्दो हुन्थ्यो होला ?

सूर्यको किरण नै रंगको स्रोत हो । सूर्यको ज्योतिमा बिभिन्न सात रंग प्रकट हुन्छ, बैजनी, निलो, हरियो, आकासे, पहेंलो, रातो र सुन्तले । हाम्रा ऋषिमुनीहरुले सूर्यको किरणबाटै रंगहरु प्रकट हुन्छ भन्ने तथ्य बोध गरेका थिए । त्यही अनुसार चिकित्सा पद्दतीको विकास गरेका थिए ।

रुख बुट्यानले पालुवा फेर्दैछ । रंगविरंगी फूलहरुले प्रकृतिलाई हराभरा बनाउँदैछ । वायुमण्डलमा वसन्ती हावा चल्न थालेको छ । होलीसँगै बसन्त ऋतुको आगमान हुन्छ । यो ऋतुहरुको राजा पनि हो । हिन्दु पंचाङ्का अनुसार ऋतुहरुलाई ६ भागमा विभाजनग गरिएको छ ।

वसन्त ऋतु शिशिर र गृष्म ऋतुको चिमा आउँछ । यो सबैभन्दा मनमोहक ऋतु हो । यसलाई बहार वा यौनावस्था पनि भन्ने गरिन्छ । मौसमको हिसाबले, पर्यावरणको हिसाबले, प्रकृतिको हिसाबले सबैभन्दा मोहक ऋतु हो यो ।

हामीकहाँ होली पर्वको सुरुवात सांकेतिक रुपमा योनी र लिंग जुधाएर पनि गरिन्छ । यसले हाम्रो यौन समागमको बेला आएको पनि संकेत गर्छ ।

भक्तपुरमा जगतप्रकाश मल्लको समयमा वनेको दत्तात्रय मन्दिरसंगै रहेको भैरब मन्दिरमा लिंगको आकृति भएको काठ र रातो कपडाको योनी जुधाएर होलीको सुरुवात गरिन्छ । यसलाई भिमसेनको लिंग र कपडावाट वनेको प्वाललाई द्रौपतीको योनीको रुपमा चित्रण गरिन्छ ।

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका बिजय गरेसँगै होलीको परम्परा सुरु भएको मानिन्छ । खासगरी नेवार समुदायले बसन्तपुर दरबार अगाडि रंगबिरंगी कपडा झुन्ड्याएर बनाइएको तीन छत्रे चीर गाडेपछि विधिवत् होली प्रारम्भ भएको मानिन्छ । फागुन शुक्ल अष्टमीमा गाडिने तीर पूर्णिमाको रात ढालेर टुँडीखेलमा पोलिएपछि होली समाप्त हुन्छ ।

## दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाइने

काठमाण्डु । सरकारले निर्वाचनलाई मध्यनजर गर्दै पेट्रोलियम पदार्थ र दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्था सहज बनाउने निर्णय गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले त्यसका लागि सार्वजनिक बिदाका दिनमा समेत आयात-निर्यातसम्बन्धी कार्य सञ्चालन गर्ने निर्णय गरेको हो ।


नियमित अनुगमन प्रक्रियालाई प्रभावकारी तुल्याई अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव सिर्जना हुन नदिने व्यवस्था मिलाउने निर्णय गरेको मन्त्रालयले जनाएको छ । पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमले सार्वजनिक बिदाका दिनमा समेत बिक्री डिपोहरू खोल्ने व्यवस्था मिलाउने र सोको अग्रिम जानकारी सम्बन्धित सबैलाई दिने, इण्डियन आयल कर्पोरेशनसँग समन्वय गरी हाल भइरहेको आयात र वितरणलाई थप व्यवस्थित तुल्याउने जनाएको छ ।

पेट्रोलियम पदार्थका बिक्रेताहरूबाट सवारीसाधनमा भर्नेबाहेक भण्डारण गर्ने प्रयोजनका लागि इन्धन उपलब्ध नगराउने, डिलर तथा बिक्रेताहरूको नियमित अनुगमन गरी मौज्दात विवरण सङ्कलन तथा अद्यावधिक गर्ने र पेट्रोलियम पदार्थ तथा ग्यासको आपूर्ति निरन्तर भइरहेको हुँदा अनावश्यक भण्डारण गरेर नराख्न सर्वसाधारण सबैलाई अनुरोध गर्ने मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले खाद्यान्न तथा नुनको सहज आपूर्तिका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनलाई निर्देशन दिने निर्णय गरेको छ । अत्यावश्यक खाद्यान्न तथा नुनको सहज आपूर्ति व्यवस्थालाई निरन्तरता दिने र आफू मातहतका गोदामहरूमा भएको मौज्दातको विवरण सङ्कलन तथा अद्यावधिक गर्ने निर्णय मन्त्रालयले गरेको छ ।रासस

जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मध्यपूर्वको अशान्ति र नेपालको बहुआयामिक जोखिम

मध्यपूर्वमा बढ्दै गएको सैन्य तनाव, विशेषगरी इरानमाथि अमेरिका र इजरायलको प्रत्यक्ष वा अप्रत्यक्ष मुठभेडले विश्व व्यवस्थालाई नै त्रसित बनाएको छ । भौगोलिक रूपमा हजारौं किलोमिटर टाढा रहे पनि इरानको युद्धले नेपालजस्तो रेमिट्यान्समा आधारित अर्थतन्त्र भएको मुलुकमा गम्भीर असर पार्ने निश्चित प्रायः छ। विश्वव्यापीकरणको यो युगमा कुनै एक क्षेत्रको अशान्तिले अर्को कुनाको भान्सासम्मै नकारात्मक प्रभाव पार्नु स्वाभाविक हो। खाडीका १२ वटा मुलुकमा १७ लाखभन्दा बढी नेपाली श्रमिक औपचारिक रूपमा कार्यरत छन्। अनौपचारिक क्षेत्रमा रहेकाहरूको संख्या जोड्दा यो अझ ठूलो हुन्छ। युद्धको दायरा विस्तार भएमा ती श्रमिकहरूको भौतिक सुरक्षा र तत्काल उद्धार नेपाल सरकारका लागि सबैभन्दा ठूलो चुनौती बन्नेछ । यति ठूलो संख्यामा रहेका नागरिकलाई सुरक्षित स्वदेश फिर्ता ल्याउन नेपालको हालको स्रोत र साधनले भ्याउँदैन, जसका लागि अन्तर्राष्ट्रिय समन्वयको खाँचो पर्नेछ । नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने विप्रेषणको ठूलो हिस्सा यही क्षेत्रबाट आउँछ। युद्धका कारण ती देशहरूको अर्थतन्त्र सुस्त भएमा निर्माण र सेवा क्षेत्र ठप्प हुनेछ। यसले गर्दा लाखौं नेपालीले रोजगारी गुमाउने र विदेशी मुद्राको मुख्य स्रोत नै सुक्न गई नेपालको सोधनान्तर स्थिति अत्यन्तै कमजोर हुने जोखिम रहन्छ। इरान विश्वको प्रमुख तेल उत्पादक राष्ट्र हो । विश्वको करिब २० प्रतिशत तेल आपूर्ति हुने 'स्ट्रेट अफ हर्मुज' मा अवरोध सिर्जना हुनासाथ विश्वबजारमा कच्चा तेलको मूल्य आकासिनेछ। शतप्रतिशत इन्धन आयात गर्ने नेपालमा यसले ढुवानी लागत बढाउनेछ। ढुवानी खर्च बढ्नासाथ खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तुको मूल्यमा अस्वाभाविक वृद्धि भई नागरिकको जीवनस्तर कष्टकर बन्ने देखिन्छ। लाल सागर र मध्यपूर्वका जलमार्गहरू असुरक्षित हुँदा पानीजहाजहरूले लामो र महँगो बाटो प्रयोग गर्नुपर्ने हुन्छ। यसले गर्दा युरोप र अमेरिकाबाट आउने सामानको भाडा दोब्बर हुन सक्छ, जसले नेपालको आयात व्यापारलाई अझ महँगो बनाउँछ र व्यापार घाटाको खाडल झन् फराकिलो पार्छ। मध्यपूर्वको यो संकट केवल एक क्षेत्रको द्वन्द्व मात्र होइन, यो नेपालको आर्थिक र सामाजिक स्थिरतासंग प्रत्यक्ष जोडिएको विषय हो। यस्तो अवस्थामा नेपाल सरकारले केवल 'पर्ख र हेर' को नीति लिएर बस्न मिल्दैन। सरकारले गम्भीर कूटनीतिक सक्रियता देखाउँदै 'आपतकालीन उद्धार योजना' र 'संकटकालीन आर्थिक रणनीति' तयार राख्नुपर्छ। इन्धन र अत्यावश्यक वस्तुको मौज्दात बढाउनुको साथै सम्भावित बेरोजगारी समस्या समाधानका लागि आन्तरिक श्रम बजारलाई चलायमान बनाउनु पर्नेछ। विश्वव्यापी आर्थिक सुनामीका विरुद्ध बेलैमा पूर्वतयारी थाल्न अब ढिला गर्नु आत्मघाती हुन सक्छ।

# निष्पक्ष निर्वाचनका लागि सम्यक सञ्चार



● एकराज पाठक

विकसित देशहरुमा मतदाताले आफ्ना उम्मेदवार हरुसँग प्रायः सञ्चारमाध्यम (मिडिया) मार्फत मात्र भेट्ने गर्दछन् । कैयौं देशका उम्मेदवारले आफ्ना योजना, कार्यक्रम अर्थात् एजेन्डा टेलिभिजन बहसका माध्यमबाट राख्ने गरेको पाइन्छ। अहिले त यस्ता बहसका लागि युट्युब लगायत अन्य 'सोसियल प्लेटफर्म' पनि उपलब्ध छन् । अनि जनताले यसैमार्फत् ती उम्मेदवारप्रति धारणा बनाउँछन् । उम्मेदवारका योजना, कार्यक्रमप्रतिको प्रतिक्रिया पनि मिडियामार्फत् नै दिने गर्दछन् । त्यसैले निर्वाचनमा मिडियाको भूमिका माध्यम मात्र नभएर साधन नै हो भन्दा पनि हुन्छ।

चुनावका बेलामा उम्मेदवार, मतदाता र मिडियाका बीचमा त्रिपक्षीय सञ्चार अर्थात् सम्बन्ध स्थापित हुने गर्दछ। मिडिया, मतदाता र उम्मेदवार यो साइकलमा आपसी सम्बन्ध राख्छन् र एकले अर्काप्रति गर्ने सञ्चारको माध्यम नै बन्ने गर्दछन् । मिडिया अन्यत्र पहरेदार बनेजस्तै यहाँ भने मतदाता र उम्मेदवारका विचार प्रवाहका माध्यम र एक अर्काका सेतु बन्ने गर्दछन् । यतिखेर पनि नेपालमा मिडियाको भूमिका यस्तै नै छ । उम्मेदवार र मतदाताबीचका धेरै कुरा मिडिया मार्फत् नै सञ्चार भइरहेको देखिएको छ।

आफूले मत दिनुपर्ने उम्मेदवारको छनोटका लागि हिजो उसले के काम गरेको थियो र भोलिका एजेन्डा र प्रतिबद्धता के हुन् भन्ने जानकारी नागरिक अर्थात् मतदाताले मिडियामार्फत नै लिने गर्दछन् । यी सबै सूचना प्राप्त गर्न तथा उम्मेदवार र मतदाताका बीचमा प्रभावकारी रुपमा सञ्चार गर्न मिडिया बाहेकको अर्को कुनै प्रभावकारी माध्यम नागरिकसामु छैन । त्यसैले निर्वाचनका बेला मिडियाका लागि अलग्गै आचारसंहिता जारी हुन्छ र मिडियाको भूमिकाको कुशल व्यवस्थापन आवश्यक पनि रहन्छ। चुनावका समयमा नागरिकले आफ्ना राजनीतिक दल या उम्मेदवारप्रतिका अपेक्षा, माग, गुनासा र समस्या राख्ने भरपर्दो माध्यम मिडिया नै हुन्।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलो पटक र त्यसअघिका राष्ट्रपति बाराक ओबामा पनि त्यहाँको सरकारी तहमा अथवा कुनै राजनीतिक दलको उच्च ओहदामा रहेर चिनिएका व्यक्ति थिएनन्। निर्वाचन अभियानमा मतदाताले उनीहरूका विचार, योजना र कार्यक्रमलाई मन पराए र मत दिए। अनि उनीहरुका विचार तथा कार्यक्रमलाई जनतासँग साक्षात्कार गराइदिने काम मिडियाले नै गरेका हामीले देखेका थियौं।

अर्को एउटा फरक प्रसङ्ग के छ भने कतिपय देशमा मिडियाले नै कुनै उम्मेदवारलाई मत दिनुपर्ने तर्क नै अघि सार्ने पनि गरेका हुन्छन् । तर नेपालमा भने निर्वाचनका समयको मिडियाको यो कार्य अपवाद बन्न सक्छ, किनभने यहाँ मिडियाले त्यसो गर्दा कुनै उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिन पनि सक्छन् । कुनै पार्टी या उम्मेदवारलाई मत दिनुपर्ने कारण मिडियाले सार्वजनिक रुपमै प्रस्तुत गरिदिन्छन् तर कुनै पक्षधरता नभएर विषयका आधारमा। मिडियाका ती तर्क र कारणहरु कसैप्रति विभेदपूर्ण हुँदैनन्, तथ्यमा आधारित हुन्छन् । यस्तो कार्य मिडियाले स्वतन्त्र र तटस्थ रुपमा गरेको हुन्छ। मिडियाले सार्वजनिक रुपमा स्थापित गरिदिएको यो परिस्थितिबाट नागरिकलाई पनि आफूले मत दिने उम्मेदवार छन्न सहज हुने गर्दछ। यस कामका लागि मिडियाले कुनै उम्मेदवारलाई धोइ पखाली नगरी



जस्ताको तस्तै प्रस्तुत गरिदिन्छ। मिडियाले तर्क या आधारविना नै कुनै पक्ष, उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिएर वकालत गर्न भने मिल्दैन।

यो पनि एक प्रकारको मतदाता शिक्षा नै हो र यसले नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार कसरी प्रयोग गर्ने भनेर जानकारी प्रदान गर्ने गर्दछ। मिडियाले हरेक नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अथवा निर्वाचनमा मतदान गर्ने तरिकाका बारेमा शिक्षा प्रदान गर्दछ । यसमा दुई प्रकारको सन्देश हुन्छ। पहिलो नागरिकले किन आफ्नो मताधिकार प्रयोग गर्ने भन्ने हुन्छ भने अर्को प्रक्रियागत रुपमा नै मतदान कसरी गर्ने भनेर दिइने जानकारी समेटिएको हुन्छ। यी दुई सन्दशेमा नै सही र राम्रो विधायक किन र कसरी छान्ने भन्ने कुरा पनि पर्दछ।

निर्वाचन प्रक्रियाको रिपोर्टिङ गर्ने क्रममा नै राजनीतिक पार्टी र उम्मेदवारलाई मतदातासँग संवाद गर्ने अवसर मिडियाले जुटाइदिन्छन्। सर्वसाधारणले आफ्ना जिज्ञासा र गुनासा, सरोकार, विचार र आवश्यकताका बारेमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन गर्ने निकाय, सरकार तथा आफूजस्तै मतदातालाई जानकारी दिने र आपसी अन्तर्क्रिया गर्ने अवसर पनि मिडियाले नै प्रदान गर्ने गर्दछन्।

यसरी मिडियाले सामाजिक उत्तरदायित्वको सिद्धान्तको आत्मसात गरी निर्वाचनका समयमा काम गर्ने गर्दछ। निर्वाचन प्रणालीबारे साक्षरता बढाउने विधिका रूपमा पनि मिडियाको भूमिका रहन्छ। कम मत खस्ने तथा खसेका मतमध्ये पनि कतिपय मत बदर हुने जस्ता समस्याको समाधान गर्न मिडियाले प्रशिक्षकको भूमिका मार्फत योगदान गर्न सक्छ।

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाइराख्न आवधिक निर्वाचन अनिवार्य सर्त हो। जब कुनै पनि बहाना खोजेर निर्वाचन 'आज नगरौं पछि गरौं' भन्ने प्रपञ्चमा कुनै सरकार लाग्छ भने त्यो सरकारमा स्वतः लोकतान्त्रिक आचरणको कमी देखिन्छ। भनिन्छ, प्रजातन्त्रमा जनताले निर्वाचित नगरेका कुनै व्यक्तिले शासन गर्न पाउँदैनन् । दुनियाँमा विद्यमान लोकतन्त्रको मान्यता पनि यही हो। लोकतन्त्रलाई जीवन भर्न आवश्यक पर्ने केही तत्वमध्ये निर्वाचन सबैभन्दा महत्वपूर्ण र अत्यावश्यक तत्व हो। अनि आवधिक निर्वाचनलाई निष्पक्ष रूपमा सफल बनाउन सुसूचित नागरिकको सहभागिता पनि त्यत्तिकै आवश्यक पर्दछ । त्यसैले निर्वाचनका समयमा मिडियाको महत्व रहेको हुन्छ।

विश्वका बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था भएका लोकतान्त्रिक राज्यमा स्वीकारिएको मत र विधि निर्वाचन नै हो । त्यसैले निर्वाचन र यससँग जोडिने हरेक प्रक्रियामा मिडियाको भूमिका महत्वपूर्ण र संवेदनशील रहने गर्दछ । मतदाताको मत दिने अधिकार हो भने उम्मेदवारको मत माग्ने अधिकार। यी दुवै अधिकारको सम्मान मिडियाबाट पनि सम्यक रुपमा हुनुपर्दछ। कुनै उम्मेदवारले आफ्नो मतमाग्ने अधिकार प्रयोग गरेको अवस्थालाई पक्षधरता लिएर माथि पुर्याइदिने र अर्को कुनै उम्मेदवारले त्यही अधिकार प्रयोग गर्दा त्यसमाथि उपेक्षा गरिदिने जस्ता मिडियाका व्यवहार असन्तुलित ठहरिन्छन्।

किनभने त्यहाँ मतदाता एकैथरि छन् तर उनीहरुसँग मत माग्ने उम्मेदवार भने कैयौं छन् । चुनावका बेलामा मिडियाले पुर्याउनुपर्ने खास विवेक भनेकै यही हो। जुन पक्षधरताविहीन हुनुपर्दछ र सबै दल, उम्मेदवार र मतदाताप्रति सन्तुलित र सम्यक दृष्टिकोण राख्नुपर्दछ।

अघिल्लो अर्थात् विसं २०७९ को प्रतिनिधिसभाको निर्वाचनलाई पनि एउटा सफलताको कथाका रुपमा हामीले लिन सक्दछौं । किनभने शान्ति सुरक्षासहित एकैदिन देशभर मतदान, निष्पक्ष निर्वाचन, पर्चा पम्प्लेट बिना नै देशव्यापी रुपमा गरिएको चुनाव प्रचार, सामाजिक सञ्जालामा देखिएको मिथ्या सूचना र भ्रमपूर्ण अभिव्यक्तिको नियन्त्रण त्यस चुनावका राम्रा उदाहरणहरु हुन् । मिडियाले यी राम्रा उदाहरणलाई सफलताका कथाका रूपमा प्रचार गरिदिने हो भने यसले निर्वाचनसम्बद्ध निकाय र कर्मचारीलाई अबका निर्वाचनमा पनि राम्रा र सकारात्मक उदाहरणलाई अनुसरण गर्न प्रेरणा मिल्नेछ । त्यसैगरी पछिल्लो समयमा घट्दै गएको बदर मत सङ्ख्या तथा राजनीतिक दलहरुले आफैंले आफ्ना निर्वाचन क्षेत्रमा पुगेर दिएका जानकारीहरु पनि निर्वाचनका सकारात्मक उदाहरण हुन्।

त्यसैले निर्वाचनका समयमा मिडिया आफैं स्वतन्त्र र निष्पक्ष हुनु जरुरी छ। कतै ढल्किएको या तर्किएको मिडियाका कारण निर्वाचनको निष्पक्षतामाथि नै असर गर्न सक्छ। मिडियाको तागत निष्पक्षता, स्वतन्त्रता र निर्भयतामा नै छ । कसैको लोभलालचमा फसेको मिडियासँग दरिलोसँग प्रश्न गर्ने दम नै हुदैन । अभाव, दबाब र प्रभावबाट मुक्त मिडियाले मात्र सही प्रश्न उठान गर्न सक्छ र सामाजिक चेतनाका लागि जनता जगाउन सक्छ। अनि यस्ता मिडियाले मात्र मुलुकमा निष्पक्ष निर्वाचनका लागि सघाउन सक्छ।

यसकारण मिडिया सदैव स्वतन्त्रता भन्ने शब्दसँगै जोडिएर आउने गर्दछ । स्वतन्त्रता र निष्पक्षता मिडियाको स्वभाव र कामका पर्यायवाची शब्द हुन् । कुनै खेलका 'रेफ्री' ले जति निष्पक्षतापूर्वक खेल सञ्चालन गर्न सघाउँछ त्यति नै त्यो खेल मर्यादित भएजस्तै मिडियाले पनि 'रेफ्री'को भूमिका निर्वाह गर्नसक्दा सामाजिक मर्यादा कायम रहन्छ । निर्वाचनका बेलामा पनि मिडियाको यस्तै भूमिका सर्वत्र अपेक्षित हुन्छ।

समग्र मिडिया एवं सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि आजका दिनमा बुझ्नुपर्ने कुरा के हो भने अहिलेको निर्वाचन फरक र विशेष खालको हो। हुनत सबै निर्वाचनले कुनै न कुनै सन्देश र फरक अवस्था या प्रसङ्ग बोकेकै हुन्छ । तर पनि देशमा भएका धेरै पटक र खालका आन्दोलनमध्ये गत भदौमा भएको आन्दोलन फरक विषय र परिवेशको थियो। कुनै राजनीतिक पार्टीले अघि सारेको नभएर जेनजी पुस्ताले थालेको आन्दोलनबाट नै राज्यसत्तामा ठूलो परिवर्तन आयो र अहिले त्यो आन्दोलनको छ महिनामा नै निर्वाचन हुन गइरहेको छ।

सो आन्दोलनले शासन सत्तामा युवा पुस्ताको सहभागिता र सुशासनको प्रत्याभूतिको माग अघि सारेको थियो । यिनै दुई परिस्थितिको आवरणभित्र यो चुनाव हुन गइरहेको छ । त्यसैले यो चुनाव आवधिक नभएर आकस्मिक हो र सहज नभएर असहज अवस्थामा हुन गइरहेको छ। यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनमा जस्तो तयारीका लागि आवश्यक समय पनि थिएन। यसकारण पनि यो निर्वाचनको विशेषता र विशिष्ठता बुझेर देशका मिडिया तथा सबै राज्य संयन्त्रले आवश्यक सहयोग गर्नुपर्ने अवस्था छ।

# निर्वाचन अमूल्य मत सदुपयोगको अवसर



● कृष्ण अधिकारी

लोकतान्त्रिक प्रणालीमा मतदान औपचारिक कर्म मात्रै होइन, राज्य प्रणालीमा नागरिकको सहभागिता, अधिकार र प्रतिनिधित्व हुने अवसर पनि हो। लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन नै हो । निर्वाचनबाट प्रतिनिधि छानिने मात्र होइन; जनताको सार्वभौम अधिकार प्रयोग गर्ने सबैभन्दा महत्वपूर्ण माध्यम हो। समाजमा आर्थिक, सामाजिक वा सांस्कृतिक असमानता भए पनि मताधिकारका हिसाबले सबै नागरिकलाई समान छन् । लोकतन्त्रमा सबै नागरिक बराबर हुन्छन् भन्ने सिद्धान्तले समाजमा रहेको वर्गीय, लैङ्गिक वा क्षेत्रीय विभाजनलाई कम गर्न मद्दत गर्छ । त्यसैले एउटा मत धनीको होस् वा गरिबको, शिक्षितको होस् वा अशिक्षितको सबैको मतको मूल्य समान हुन्छ । यही समानता लोकतन्त्रको नैतिक र राजनीतिक शक्ति हो। गरिब-धनी, शिक्षित-अशिक्षित, सहर-गाउँ, महिला-पुरुष सबैको मत बराबर हुन्छ। त्यसैले लोकतान्त्रिक मुलुकमा निर्वाचन र जनताको मताधिकारलाई उच्च महत्वका साथ हेर्ने गरिन्छ।

लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ । एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ । विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ठ महत्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ। विजयी मतले जत्तिकै महत्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन । कुनै पार्टीलाई दिएको मत सरकार निर्माण गर्न होस् वा प्रतिपक्षमा उभ्याउन, दुबै अवस्थामा सरकारलाई जवाफदेहिता, पारदर्शीता र उत्तरदायित्वका लागि दबाब दिन काम लाग्छ। लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो।

निर्वाचनमा जनताको स्वतन्त्र सहभागिता, प्रतिस्पर्धा र समावेशीताले लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन बल पुग्दछ । लोकतन्त्रको सारातत्व नै जनताको अभिमतमा आधारित शासन प्रणाली भएकाले निर्वाचनका माध्यमबाट त्यसको सुनिश्चित गरिएको हुन्छ। कुनै पार्टी वा उम्मेदवारलाई मत दिँदा सङ्ख्यात्मक हिसाबले जित हार हुने हो, हरेक मतको उत्तिकै महत्व रहेको हुन्छ। त्यही एक मतले जित र हारको निर्णय गर्ने भएकाले सबै मतले बराबर हैसियत राख्दछ। प्रत्येक मतदाताको मतको मूल्य समान हुन्छ। प्रत्येक मतदाताले मतदान केन्द्रमा पुगेर मत हाल्दा आफ्नो भविष्य, राज्यको दिशा र शासनको स्वरूप निर्धारण गरिरहेको हुन्छ।

राजनीतिक प्रणालीमा भएका कमीकमजोरीलाई सच्याउन पनि निर्वाचन नै जरुरत पर्दछ। विश्वका कतिपय मुलुकमा पछिल्लो समय 'नो भोट' वा 'राइट टु रिजेक्ट' वा 'नन अफ दि एबोभ' प्रणाली (नोटा) जस्ता अभ्यासहरु पनि प्रयोगमा आएका छन् । यसले नागरिकलाई असन्तुष्टी अभिव्यक्त गर्ने ठाउँ दिए पनि लोकतन्त्रलाई बल पुग्दैन । यसले राजनीतिक नैराश्यता ल्याउने मात्र होइन, असर उम्मेदवार पराजित हुने र खराव वा आर्थिक चलखेल गर्ने व्यक्तिलाई राज्य सञ्चालनमा पुऱ्याउने खतरा ल्याउने हुँदा हरेक मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने नैसर्गिक अधिकारको उपयोग गरी असल व्यक्तिलाई चयन गर्ने अवसरबाट बञ्चित हुन दिनु हुँदैन । निर्वाचन बहिस्कार वा असहमतिको फाइदा नागरिकले पाउन सक्दैनन् । सही प्रतिनिधित्वबाट नै राजनीतिलाई सुधार गर्न सकिन्छ र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्न सकिन्छ। निर्वाचन भनेको लोकतन्त्रको आधारशिला हो, जुन जनसहभागिताबिना पूर्ण हुन सक्दैन।

मतदान नै जनताको आवाज सरकारसम्म पुग्ने औपचारिक माध्यम भएकाले नागरिकले आफ्नो मतमार्फत नीति, नेतृत्व र शासन प्रणालीप्रति समर्थन वा असहमति जनाउँछन्। प्रत्येक मतले शासनको दिशा तय गर्छ, नीति निर्माणलाई प्रभावित गर्छ र राज्यको वैधता सुनिश्चित गर्छ। नागरिकमा आफ्नो मतको कुनै मूल्य छैन भन्ने निराशा जाग्न दिनु हुँदैन। मतको मूल्य घट्दा पैसाको प्रभाव बढ्छ। यसले स्वच्छ प्रतिस्पर्धा कमजोर बनाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन दिन्छ । यसबाट शासन प्रणालीप्रति वितृष्णा ल्याउने र राजनीतिक अस्थिरता र अधिनायकवाद निम्त्याउने जोखिम रहने भएकाले लोकतन्त्रप्रति विश्वासको वतावरण बनाइराख्न जरुरी हुन्छ। जब निर्वाचनमा ठूलो सङ्ख्यामा मत बदर हुन्छ वा मतदानमा सहभागिता कम हुन्छ, त्यतिबेला निर्वाचित प्रतिनिधिले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैनन्।

विश्वमा लोकतन्त्रलाई परिस्कृत शासन प्रणालीको रुपमा लिने गरिन्छ। लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक भूमिकामा आम नागरिक हुन्छन् र उनीहरुले मताधिकारको माध्यमबाट नै त्यसको प्रयोग गरेका हुन्छन् । कुनै पनि जात, धर्म, लिङ्ग, भाषा वा सामाजिक स्थितिको आधारमा भेदभाव नगरी हरेक बालिग नागरिकलाई मताधिकार सुनिश्चित गरिएको हुन्छ। प्रत्येक नागरिकलाई समानतामा आधारित प्रतिनिधित्वको अनुभव दिलाउँछ अर्थात् प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान ढङ्गबाट सहभागी हुन, नेतृत्व गर्न र जिम्मेवार बनाउन सशक्त गराउँछ। मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ । यसले गर्दा मतदातामा मत खेर गएको अनुभूतिलाई कम गर्छ।





लोकतन्त्र केबल संस्थागत संरचनाले मात्र सुदृढ हुन सक्दैन, यसमा सक्रिय नागरिक सहभागिता अनिवार्य हुन्छ। मतदानमा कम सहभागिता, मत खरिद-बिक्री, बदर मतको उच्च सङ्ख्या र निर्वाचन प्रक्रियामा बढ्न गएमा मतदातामा अविश्वासको वातावरण आउन सक्छ। मतदातामा निराशा हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । त्यसैले प्रत्येक नागरिकले मतदानलाई अधिकार मात्र होइन, कर्तव्यका रूपमा लिनु पर्दछ। निर्वाचन उम्मेदवार वा दलको नीतिगत मूल्याङ्कन गर्ने अवसर पनि हो । निर्वाचनप्रति जनविश्वास बढाउन राजनीतिक दलहरूले पनि योग्य, इमान्दार र जनउत्तरदायी उम्मेदवार उठाउनुपर्छ । साथै, चुनावी बाचा पूरा गर्ने संस्कृतिको विकास नगर्दासम्म मतदातामा निराशा घट्दैन । राज्यले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न स्वतन्त्र र सक्षम निर्वाचनको वातावरण तयार गर्नुपर्छ।

नेपालमा सार्वभौम बालिग मताधिकारको पहिलो औपचारिक अभ्यास २०१५ सालको आमनिर्वाचनबाट थालनी भएको हो । यो निर्वाचनले नेपाली नागरिकलाई पहिलोपटक लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर दिएको थियो। महिला, दलित, जनजाति, मधेश आदि उपेक्षित वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको छ । यद्यपि यस अभ्यासको पूर्ण कार्यान्वयनमा अहिले पनि थुप्रै समस्याहरु नभएका होइनन् तर त्यसलाई क्रमशः सुधार गर्दै लैजान सकिन्छ । गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनको जगमा यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउने मात्र नभई मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउने राजमार्ग पनि निर्माण गर्ने हुँदा मतदाताको हातमा देश र जनताको भाग्य र भविष्य अडिएको छ।

नागरिकले आफ्नो मतको महत्व बुझेर सक्रिय रूपमा मतदान गरेको अवस्थामा मात्रै राजनीतिक दल र नेताहरू जनताप्रति उत्तरदायी बन्न बाध्य हुन्छन् । लोकतान्त्रिक निर्वाचनमा जनताको मत खेर जानु भनेको लोकतन्त्रको आत्मा कमजोर हुनु हो। जनताको मत खेर नजाने अवस्था निर्माण गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो र यही दायित्व पूरा हुँदा मात्र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ पाउँछ। सार्वभौम मताधिकारको प्रयोगले मात्र लोकतन्त्रलाई सुदृढ बनाउनेछ र सबै नागरिकलाई समान अधिकार र अवसरको सुनिश्चित गर्दछ। लोकतन्त्रको शक्ति बन्दुकमा नभई मतपेटिकामा हुने भएकाले निर्वाचनमा नै जनआकाङ्क्षाको वास्तविक प्रतिबिम्ब भएको हुन्छ । त्यसैले प्रत्येक नागरिकले आफ्नो मतको मूल्य बुझेर जिम्मेवार ढङ्गले प्रयोग गर्दा मात्र समावेशी, उत्तरदायी र सुदृढ लोकतन्त्र निर्माण सम्भव हुन्छ । मतको सम्मान नभएसम्म लोकतन्त्र केबल औपचारिक संरचना मात्र बन्न सक्छ।

## राष्ट्रपतिबाट राष्ट्रका नाममा सम्बोधनः

# निर्वाचन उपलब्धिको रक्षा र नयाँ सम्भावनाको युगीन आवश्यकता



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनले विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढङ्गले परिभाषित गर्दै नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा सोमबार राष्ट्रका नाममा सम्बोधन गर्नुहुँदै उहाँले निर्वाचन पछिल्ला उपलब्धिको रक्षा र प्रवर्द्धन गर्दै नयाँ सम्भावनातर्फ अघि बढ्ने युगीन आवश्यकता भएको उल्लेख गर्नुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "निर्वाचन हाम्रो राजनीतिक इतिहासको एक जटिल परिस्थितिको निकासका रूपमा हुन गइरहेको छ। यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रिया मात्र नभई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर हो । त्यसैले यो निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व हो।"

उहाँले निर्वाचनले लोकतान्त्रिक अभ्यासलाई अझ विश्वस्त र परिपक्व बनाउने विश्वास व्यक्त गर्नुभयो । "देशले विगतका केही वर्षमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। लामो सङ्घर्ष र त्यागपछि हामीले लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौँ । सबैलाई थाहा छ, आज नयाँ संविधानमार्फत समावेशी राज्य संरचना सुनिश्चित भएको छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "यस निर्वाचनले निरङ्कुशताविरुद्ध लामो सङ्घर्ष र बलिदान गरेको अघिल्ला पुस्ता र त्यसमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको सपना, नवयुवाहरूको सुशासनको माग, पारदर्शिता र जवाफदेहिताप्रतिको अपेक्षा पूरा गर्नेछ।"

सङ्घीय शासन प्रणालीलाई संस्थागत गर्दै प्रदेश र स्थानीय तहसम्म अधिकार प्रत्यायोजन गरिएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्दै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, महिला तथा विपन्न समुदायको अधिकारलाई मजबुत बनाउने प्रयास सुरु भएका बताउनुभयो ।

"पछिल्लो दशकमा शिक्षा, स्वास्थ्य, सडक, ऊर्जा र सञ्चार पूर्वाधारमा उल्लेख्य प्रगतिका साथ देश अगाडि बढिरहेको छ। यी उपलब्धि सहजै प्राप्त भएका होइनन्, यी जनताको बलिदान र अटुट विश्वासका साथै उनीहरूको सक्रिय सहभागिताको परिणाम हुन्", सम्बोधनमा उहाँले भन्नुभयो।

सुशासन, सामाजिक न्याय, उत्तरदायी शासन र सेवा प्रवाहका क्षेत्रमा अझ धेरै काम गनुपर्ने आश्यकता औंल्याउँदै राष्ट्रपति पौडेलले आगामी निर्वाचनले त्यही भावधारालाई संस्थागत गर्दै लोकतन्त्रलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित निकायलाई निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पूर्ण प्रतिबद्ध रहन आग्रह गर्नुभएको छ । राष्ट्रपति पौडेलले मतभिन्नता स्वाभाविक भए पनि सहिष्णुता, मर्यादा र विधिको शासनप्रति सम्मान हाम्रो साझा मूल्य हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "आउनुहोस्, हामी सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने सङ्कल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौँ।"

**राष्ट्रपति पौडेलले राष्ट्रका नाममा गरेको सम्बोधनको पूर्णपाठ**

राष्ट्रपति रामचन्द्र पौडेलले आसन्न निर्वाचन प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रिया मात्र नभई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर भएको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै उहाँले लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने सङ्कल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी हुन आह्वान गर्नुभएको छ।

**राष्ट्रपति पौडेलले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनको पूर्णपाठ यसप्रकार छः**

**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,**

यही फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचन हाम्रो राजनीतिक इतिहासको एक जटिल परिस्थितिको निकासका रुपमा हुन गइरहेको छ । यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रिया मात्र होइन, यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर पनि हो।

देशले विगतका केही वर्षहरूमा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । लामो सङ्घर्ष र त्यागपछि हामीले लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेका छौँ। सबैलाई थाहा छ, आज नयाँ संविधानमार्फत समावेशी राज्य संरचना सुनिश्चित भएको छ।

हामीले सङ्घीय शासन प्रणालीलाई संस्थागत गर्दै प्रदेश र स्थानीय तहसम्म अधिकार प्रत्यायोजन गरेका छौँ। सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्दै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, महिला तथा विपन्न समुदायको अधिकारलाई मजबुत बनाउने प्रयास सुरु भएका छन्। पछिल्लो दशकमा शिक्षा, स्वास्थ्य, सडक, ऊर्जा र सञ्चार पूर्वाधारमा देश उल्लेख्य प्रगतिका साथ अगाडि बढिरहेको छ । जगजाहेर छ कि, यी उपलब्धिहरू सहजै प्राप्त भएका होइनन्, यी जनताको बलिदान र अटुट विश्वासको साथै उनीहरूको सक्रिय सहभागिताको परिणाम हुन्।

यद्यपि, हामीले सुशासन, सामाजिक न्याय, उत्तरदायी शासन र सेवा प्रवाहका क्षेत्रमा अझै काम गनुपर्ने छ । मलाई विश्वास छ, आगामी निर्वाचनले त्यही भावधारालाई संस्थागत गर्दै लोकतन्त्रलाई नयाँ ऊर्जा प्रदान गर्नेछ। यो निर्वाचनले निरङ्कुशताविरुद्ध लामो सङ्घर्ष र बलिदान गरेको अघिल्ला पुस्ता र त्यसमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको सपना, नवयुवाहरूको सुशासनको माग, पारदर्शिता र जवाफदेहिताप्रतिको अपेक्षा पूरा गर्नेछ। र, हाम्रो लोकतान्त्रिक अभ्यासलाई अझ विश्वस्त र परिपक्व बनाउने छ।


यो निर्वाचनले विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढङ्गले परिभाषित गर्ने छ र नयाँ उचाइमा पुऱ्याउने छ भन्नेमा म विश्वस्त छु।

यो निर्वाचन हाम्रा लागि पछिल्ला उपलब्धिहरूको रक्षा र प्रवर्द्धन गर्दै नयाँ सम्भावनातर्फ अघि बढ्ने युगीन आवश्यकता हो । त्यसैले यो निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व पनि हो। म सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित निकायहरूलाई निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पूर्ण प्रतिबद्ध रहन आग्रह गर्दछु।

मतभिन्नता स्वाभाविक हो, तर सहिष्णुता, मर्यादा र विधिको शासनप्रति सम्मान हाम्रो साझा मूल्य हुनुपर्छ । आउनुहोस्, हामी सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने सङ्कल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौँ।

जय नेपाल !रासस

# होलीले समाजका विकृति, विसङ्गति एवम् कुरीतिको अन्त्य गर्छः मुख्यमन्त्री पाण्डे



गण्डकी। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले होली(फागुपूर्णिमा) पर्वले हाम्रो समाजका विकृति, विसङ्गति एवम् कुरीतिको अन्त्य गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

फागुपूर्णिमाका अवसरमा सोमबार शुभकामना सन्देश व्यक्त गर्दै उहाँले गर्दै यस पर्वले हामी सबैमा प्रेम, सद्भाव, आपसी एकता र लोकतान्त्रिक मूल्य-मान्यताप्रति सम्मानको सन्देश प्रवाह गर्ने कामना गर्नुभयो ।असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजयको खुसियालीमा हरेक वर्ष फाल्गुण शुक्ल पूर्णिमाका दिन पहाडी तथा हिमाली जिल्लामा र त्यसको भोलिपल्ट तराईका जिल्लामा रङ्गहरूको उत्सवका रूपमा फागुपूर्णिमा (होली) हर्षोल्लासपूर्वक मनाइने सन्देशमा भनिएको छ।

प्रेमभाव र आत्मियताका साथ आफन्तजन एवं साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ दलेर रमाइलो गर्ने हाम्रो परम्पराले सामाजिक एकता र सद्भावलाई अझ मजबुत बनाउँदै आएको मुख्यमन्त्रीले भन्नुभएको छ।

"होलीमा प्रयोग हुने थरिथरिका रङ्ग जस्तै हाम्रो नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिक रूपमा विविधतापूर्ण छ। यही विविधताबीचको एकताले नै हाम्रो राष्ट्रिय पहिचानलाई बलियो बनाएको छ", उहाँले भन्नुभयो, "यस पर्वले हामीबीचको भाइचारा, सहिष्णुता, एकता र सद्भावलाई अभिवृद्धि गर्दै बन्धुत्वको भावनालाई थप सुदृढ बनाउन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।"

गण्डकी प्रदेश र हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सुन्दर रहेको उल्लेख गर्दै मुख्यमन्त्रीले सबै जाति, भाषा, पेसा, धर्म, समुदाय र संस्कृतिको पहिचान, अपनत्व र अधिकारलाई स्थापित गर्दै गण्डकी प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी'को सङ्कल्पलाई साकार पार्न सबैको साझा प्रतिबद्धता, एकता र सहभागिता आवश्यक रहेको बताउनुभयो।

यस वर्षको होलीको सङ्घारमा प्रतिनिधिसभा निर्वाचन हुँदै गरेको र निर्र्वाचन लोकतान्त्रिक अभ्यासलाई थप परिपक्व बनाउने महत्वपूर्ण अवसर भएको भन्दै सन्देशमा निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र नभइ लोकतन्त्रप्रतिको हाम्रो प्रतिबद्धताको पुनः पुष्टि गर्ने पर्व पनि रहेको उल्लेख गरिएको छ।

सम्पूर्ण मतदाताहरूलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा आफ्नो मताधिकार प्रयोग गर्न हार्दिक अपिल गर्दै उहाँले हाम्रो एक मतले स्थिरता, विकास र समृद्धिको मार्ग तय गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।रासस

# निर्वाचन प्रचारप्रसार निषेध अवधिको सुरक्षा व्यवस्था चुस्त बनाइएको छः गृहमन्त्री अर्याल



काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन प्रचारप्रसार निषेध अवधिको सुरक्षा व्यवस्था चुस्त बनाइएको बताउनुभएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र तयारी, सुरक्षा व्यवस्था, आचारसंहिताको परिपालना र कार्यान्वयनबारे निषेध अवधि सुरु हुने पूर्वसन्ध्यामा आयोग कार्यालय बहादुर भवनमा उहाँले निर्वाचन सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाइएको बताउँदै ढुक्क भएर मतदान गर्न सकिने व्यवस्था गरिएको जानकारी दिनुभयो। मन्त्री अर्यालले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि सबै सुरक्षा संयन्त्र र सरोकारवाला निकायबीचको समन्वय भइरहेकाले भयरहित वातावरणमा निर्वाचन हुने बताउनुभयो।

सो अवसरमा गृहमन्त्री अर्याल र कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीबीच छलफल भएको थियो । गृहमन्त्री अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी तथा मन्त्रालय र आयोगका अन्य पदाधिकारीको उपस्थितिमा छलफल भएको हो।

निर्वाचन कार्यतालिकाअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान हुँदैछ । निर्वाचन आचारसंहिता अनुसार प्रचारप्रसार निषेध (मौन) अवधि समेत आज राति १२:०० बजेदेखि सुरु हुँदैछ।

सो अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले मौन अवधिमा आचारसंहिताको परिपालना गराउन सूक्ष्मरुपमा अनुगमन हुने जानकारी दिनुभयो । भण्डारीले आचारसंहिताको परिपालनालाई प्राथमिकतामा राखिएको र उल्लङ्घकर्तालाई कानुनअनुसार कारबाही हुने बताउनुभयो।

छलफलका क्रममा गृहमन्त्री अर्यालसमक्ष निर्वाचनको सम्पूर्ण तयारीबारे जानकारी गराइएको थियो। मतदानपछिको मतपेटिका ढुवानीलगायतमा आयोगले मिलाएको प्रबन्धबारे पनि जानकारी गराइएको थियो।

गृहमन्त्री अर्याल तथा कार्यवाहक प्रमुख भण्डारीसमेतले यसअघि सुरक्षाका दृष्टिकोणले अति संवेदनशील तथा संवेदनशील मानिएका निर्वाचन केन्द्रहरूको समेत अनुगमन गर्नुभएको थियो। समग्र शान्ति सुरक्षाको अवस्थाका विषयमा आयोगले नियमित रूपमा सम्बन्धित निकायहरूबाट जानकारी लिइरहेको छ।

आयोगले सोमबार राति १२:०० बजेदेखि सुरु हुने मौन अवधि र मतदानको दिनसम्मको आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्वाचन आचारसंहिता अनुगमन अधिकृतहरूलाई आवश्यक निर्देशन दिइसकेको छ। प्रचारप्रसार निषेध अवधिमा सभा, सम्मेलन, अन्तरक्रिया निषेध गरिएको छ। कुनै पनि माध्यम वा तरिकाबाट गरिने निर्वाचन प्रचारलाई समेत सो अवधिमा निषेध गरिएको छ। सञ्चारमाध्यमहरूले समेत कुनै पनि दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नपाउने व्यवस्था आचारसंहितामा छ।

द्विपक्षीय छलफलमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधर, आयोगका सचिव कृष्णबहादुर राउत, मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, प्रधानमन्त्री सुशीला कार्कीका मुख्य सल्लाहकार अजयभद्र खनाललगायतका पदाधिकारीहरूको उपस्थिति थियो।रासस

## 'मौन अवधि' के हो ?

# मौन अवधि उल्लङ्घन भए के कारबाही हुन्छ ?

काठमाण्डु । आसन्न प्रतिधिसिभा सदस्य निर्वाचनअन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि सोमबार मध्यरातदेखि सकिँदैछ। निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमबारराति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको छ।

मतदान हुनु ४८ घण्टाअघिबाट मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन। मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ।




मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो । निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ।

मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ । निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्वपूर्ण रहन्छ। निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो।

आ-आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ।

मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ। मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ।

यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ। विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ। भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले 'योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउनुहुन्छ।

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ । मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरि परी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ।

सो अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजचार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ । यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।रासस

# आज देखि निर्वाचन प्रचारप्रसार निषेध

काठमाण्डु। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार आज राति १२ बजेदेखि राजनीतिक दलले गर्न नपाउने निर्वाचन आयोगले जनाएको छ।

मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसार निषेध अवधि तोकिएकाले सोमबार राति १२ बजेपछि निर्वाचनका प्रचारप्रसार गरी मत माग्न नपाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रचारप्रसार निषेध अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ।

यही फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए। यो क्रम सोमबार राति १२ बजेसम्म जारी हुन्छ। त्यसपछि मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति शान्ति वा निषेध अवधि अनिवार्य हुने र यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउने विश्वास गरिएको छ।

दलले प्रचारप्रसार गर्ने अन्तिम दिन आज हिमाली र पहाडी जिल्लामा फागु पूर्णिमा पर्व परेकाले पर्वसँगै निर्वाचन प्रचारप्रसार भइरहेको छ । निर्वाचनमा भाग लिएका दल र उम्मेदवार आज प्रचारप्रसारमा छन् । राति १२ बजेदेखि सुरु हुने प्रचारप्रसार निषेध अवधिमा कुनै प्रचारप्रसार गरी मत माग्न पाइँदैन । यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ। मतदान हुने दिनको ४८ घण्टाअघि अर्थात् आज राति १२ बजे मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ।

यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन निषेध गरिएको छ। मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्न नहुने पनि निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ।

आचारसंहिताको इमान्दारीपूर्वक पालना र कार्यान्वयनले सजग मतदाता तयार पार्न र निर्वाचनको निष्ठा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रवक्ता जिसीले बताउनुभयो । संविधानले प्रदान गरेको अधिकारअनुसार निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण, समन्वय तथा सम्पूर्ण व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ ।रासस

# इरानी आक्रमणको मार अमेरिकाका खाडी सहयोगी राष्ट्रहरूमाथि

बीबीसी

काठमाण्डु । आबुधाबीको सफा नीलो आकाशमा बालुवा रङ्ग पोतिएका भिला र रेखदेख पाएका बगैँचामाथि सेता धूवाँका मुस्लोहरू माथि उड्दै गरेका देखिन्छन्।

ती धुवाँका मुस्लाहरू पर्यटक र आगन्तुक श्रमिकहरूको अर्को समूह ल्याउने ड्रीमलाइनर वा एअर बसका त होइनन्। ती खाडीपारि स्थित एमिरेट्सको विशाल छिमेकीः इरानद्वारा प्रक्षेपण गरिएका बलिस्टिक क्षेप्यास्त्रहरू हुन्।आइतवार दिउसोसम्ममा संयुक्त अरब इमिरेट्स (यूएई) को रक्षा मन्त्रालयले १६५ बलिस्टिक क्षेप्यास्त्र, दुई क्रूज मिसाइल र ५४१ इरानी ड्रोनहरू "सामना" गरेको बताएको छाबहरीनस्थित एकजना साथीले आइतवार बिहान मलाई विमानस्थल आक्रमणमा परे पछिको कष्टकर रातबारे बताएका थिए।

"ठूला धमाका र चेतावनीयुक्त साइरनले ब्युँझिइयो," उनले टेक्स्ट गरे। "मलाई लाग्छ सायद लगभग २० बूम र धमाका भए। कम्तीमा दुई प्रहार लागे।" ती यस ठाउँमा झेलिइरहने दृश्य होइनन्। तर शनिवार बिहान यस द्वन्द्व सुरु भएदेखि इरानले बहरीनमा रहेका अमेरिकी नौसेनाको पाँचौँ फ्लीट मुख्यालयजस्ता सैन्य निशानामा प्रहार गर्नेदेखि विमानस्थल र अन्य नागरिक स्थलहरूमा आफ्नो लक्ष्य विस्तार गरेको देखिन्छायतिखेर खाडीमा विलासी होटल र शपिङ मल, अग्ला अपार्टमेन्ट ब्लक, अत्याधुनिक विमानस्थलका प्रस्थान टर्मिनलहरू छिटपुट रूपमा प्रभावित भइरहेका छन्।

अरब देशका हवाई प्रतिरक्षामा खाडल देखा पर्दै गर्दा ती निशाना देखा परेका हुन्। ती ठाउँहरू कुनै दिन ड्रोन र बलिस्टिक क्षेप्यास्त्रका आक्रमणमा पर्नेजस्ता सम्भावनालाई ध्यानमा राखेर निर्माण गरिएका थिएनन्। इरानी विदेशमन्त्री अब्बास अराग्चीले छिमेकी देशहरूलाई लक्षित गरेको कुरा अस्वीकार गर्दै अल जजीरालाई भनेका छन्ः "हामी पर्सिअन खाडी देशहरूमा हाम्रा छिमेकीहरूलाई आक्रमण गरिरहेका छैनौँ। हामी ती देशमा अमेरिकाको उपस्थितिलाई लक्षित गरिरहेका छौँ। छिमेकीहरूले आफ्नो गुनासो यस युद्धका निर्णयकर्ताहरूतिर सोझ्याउनुपर्छ।"

खाडी देशका नागरिक पूर्वाधारमा भएका केही क्षति त्रुटिवश भएको देखिन्छा ती निस्तेज पारिएका क्षेप्यास्त्रहरूबाट खसेको भग्नावशेषको नतिजाका रूपमा देखिन्छातर सबै होइनाबहरीन र युएईका विमानस्थलमा भएका आक्रमणहरूको सङ्ख्याले संयोग मात्र होइन भन्ने कुरा देखाउँछ।

इरानले यसअघि नै यदि आफूमाथि आक्रमण गरिएमा त्यसमा संलग्न ठानिने जुन कुनै देशलाई बदला लिने बताएको थियो। खाडी देशहरू केही हदसम्म आफूहरू, उनीहरूका दृष्टिमा, अमेरिकी-इजरेली आक्रमणको हिस्सा नभएको इरानलाई देखाउन खोजे।तैपनि मुख्य रूपमा उनीहरूलाई वाशिङ्टनको दीर्घकालीन सैन्य साझेदार भएकामा सजाय दिइएको छाइस्लामिक क्रान्तिअघि शाहको समयमा इरानलाई "खाडीको प्रहरी" भनेर चिनिन्थ्यो।

क्रान्तिपछि उसले आफ्ना छिमेकीहरूलाई सधैँ त्यो भूमिका पुनः बहन गर्ने भनेर विश्वस्त पार्ने प्रयास गरेको छ। तेहरानले खलीज-ए-फार्स भनेर फारसी खाडी (अरबहरूले यसलाई अरबी खाडी भन्छन्) मा "सुरक्षाको जिम्मा लिँदै" त्यसो गर्ने बताउँछ। इरानी नेताहरूले खाडीमा रहेका अरब देशहरूलाई अमेरिकी नौसेनालाई निकाल्न र उनीहरूलाई आफ्नो संरक्षकत्व अपनाउन मनाउने असफल प्रयास गरेका छन्।तर खाडी देशका शासकहरू परम्परावादी, वंशवादी राजतन्त्रहरू जसका लागि इस्लामिक गणतन्त्रको क्रान्तिकारी जोस अभिशाप मान्छन्। उनीहरू त्यसले त्यहाँ एउटा रेखा पार सकेको ठान्छन्।



उनीहरू वर्तमान इरानी नेतृत्वसँग, अर्थात्, यदि यो युद्ध सहन सके भने फेरि सामान्य सम्बन्धको नजिक कसरी पुग्न सक्छन् भन्ने देख्न गाह्रो छ। लामो समयदेखि अमेरिकी र पश्चिमी सैन्य शक्तिहरू राखिराखेका दुई देश साउदी अरब र ओमान अन्य चार खाडी अरब राष्ट्रभन्दा निकै हल्का रूपमा असर झेलेका छन्।इस्लामिक गणतन्त्रसँग राम्रो सम्बन्ध रहेको एवं अमेरिका र इरानबीचको परमाणु वार्तामा मध्यस्थता गरिरहेको ओमानले अरब सागरको तटमा रहेको डुक्मको व्यावसायिक बन्दरगाहमा ड्रोन आक्रमणको सामना गर्नुपरेको छ। शनिवार साउदी राजधानी रियादलाई निशानामा पारेको देखिन्छ। जसले गर्दा त्यहाँको सरकारबाट क्रुद्ध अभिव्यक्ति आएको छ।

"साउदी अरब राज्यले रियाद क्षेत्र र पूर्वी प्रान्तलाई लक्षित गरी गरिएको स्पष्ट र कायरतापूर्ण इरानी आक्रमणको कडा शब्दमा अस्वीकार र निन्दा गर्छ जुन सफलतापूर्वक रोकिएको थियो। ती आक्रमणलाई कुनै पनि बहानामा जायज ठहराउन सकिँदैन," उसको विज्ञप्तिमा भनिएको छ।इरानले खाडीस्थित आफ्ना अरब छिमेकीहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आक्रमण गरेको यो पहिलो पटक होइन। तर यस स्तरमा यसअघि कहिल्यै यस्तो भएको थिएन।

सन् २०१९ मा इराकस्थित इरान-समर्थित मिलिशियाले अब्काइक र खुरैसमा रहेका साउदी अरामकोको पेट्रोकेमिकल केन्द्रमा ड्रोनहरूको समूहमार्फत् हमला गरेको थियो। जसले गर्दा उसको दैनिक निर्यात क्षमता अस्थायी रूपमा आधाले बन्द भएको थियो।गत जुनमा इरानले कतारको अल-उदैद हवाई अड्डामा बलिस्टिक मिसाइलहरू प्रहार गरेको थियो। तर त्यसलाई अमेरिकाको अपरेशन मिडनाइट ह्यामर हवाई आक्रमणको प्रदर्शनकारी प्रतिक्रियाको रूपमा हेरिएको थियो।

त्यसबेला इरानको इस्फहान, नातान्ज र फोर्डोमा रहेका परमाणुस्थलहरू नष्ट गर्नेगरी हमला भएपछि तेहरानले अग्रिम चेतावनी दिएको थियो।ठूलो एवं अशान्त शिया जनसङ्ख्या भएको बहरीनले कहिलेकाहीँ इरानलाई आफ्नो देशका विद्रोहीहरूलाई आर्थिक सहयोग, तालिम र हतियार प्रदान गरेको आरोप लगाउँदै आएको छायद्यपि यी सबै कुरा खाडीका अरब देशहरूले अहिले अनुभव गरिरहेको अवस्थाको तुलनामा फिक्का छन्।

**इरानसाग अमेरिका-इजरेल युद्धको तेस्रो दिन**

अमेरिका-इजरेल र इरानबीचको युद्ध तेस्रो दिनमा प्रवेश गरेको छ र सबै पक्षबाट ठूलो मात्रामा हवाई आक्रमण भएको छ।

**विकसित भएका पछिल्ला घटनाक्रमः**

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भिडियो सम्बोधनमा 'आफ्ना सबै उद्देश्य पूरा नभएसम्म' इरानविरुद्ध "सैन्य कारबाही" जारी रहने बताएका छन्।

अमेरिकी सेन्ट्रल कमान्डले इरानमाथिको आक्रमणका क्रममा ३ जना अमेरिकी सैनिकको मृत्यु भएको र ५ जना गम्भीर घाइते भएको पुष्टि गरेको छ र राष्ट्रपति ट्रम्पले अमेरिकी सैनिक 'थप हताहत' हुन सक्ने बताएका छन्।

सोमबार बिहानै इजरेलले लेबनानमा हिजबुल्लाहको निशानाहरूमाथि आक्रमण गर्न सुरु गरेको जनाएको छ, उक्त लडाकु समूहले इजरेलमाथि रकेट प्रहार गरेपछि त्यस्तो कदम चालिएको उसको भनाइ छ।

इरानी अधिकारीहरूले छात्राहरूको विद्यालयमा भएको अमेरिकी हमलामा १५३ जना मारिएको जनाएका छन्। इरानका राष्ट्रपति मसुद पेजेस्कियनले उक्त घटनालाई 'बर्बर कार्य' को संज्ञा दिएका छन्।

इरानी क्षेप्यास्त्र प्रहारमा कम्तीमा ९ जनाको मृत्यु भएको इजरेलको आपत्कालीन स्वास्थ्य सेवा मेगन डेभिड अडोमले जनाएको छ। युद्ध सुरु भएयता इजरेलमाथि भएको यो अहिलेसम्मकै सबैभन्दा ठूलो आक्रमण हो।

संयुक्त अरब इमिरेट्स (यूएई) ले शनिवारदेखि इरानको जबाफी आक्रमणमा ३ जना मारिएको जनाएको छ भने बहरिन, इराकी सहर इरबिल र जोर्डनमा पनि विस्फोटनको जानकारी प्राप्त भएको छ।

सोमबार बिहान एसियामा बजार खुलेसँगै विश्वव्यापी रूपमा तेलको मूल्य वृद्धि भएको छ

ब्रिटेनका प्रधानमन्त्री सर किअर स्टार्मरले ब्रिटेनले अमेरिकालाई ब्रिटिश सैन्य आधारबाट प्रतिरक्षात्मक कारबाही गर्न अनुमति दिने तर 'अहिले आक्रामक कारबाहीमा सामेल नहुने' बताएका छन्।

**आरएएफले साइप्रसस्थित आँनो आधारमा भएको 'शङ्कास्पद' ड्रोन आक्रमणको जबाफ दिइरहेको पुष्टि गरेको छ**

बेरुतबाट बीबीसीकी सामन्था ग्रानभिलका अनुसार इजरेलतर्फ गरिएका प्रहारको जवाफमा लेबनानमा रहेका हिजबुल्लाहका आधारहरूमा आक्रमण थालेको इजरेली सेनाले घोषणा गरेको छ।

> "साउदी अरब राज्यले रियाद क्षेत्र र पूर्वी प्रान्तलाई लक्षित गरी गरिएको स्पष्ट र कायरतापूर्ण इरानी आक्रमणको कडा शब्दमा अस्वीकार र निन्दा गर्छ जुन सफलतापूर्वक रोकिएको थियो। ती आक्रमणलाई कुनै पनि बहानामा जायज ठहराउन सकिँदैन,"

इजरेली डिफेन्स फोर्स (आईडीएफ) ले विज्ञप्ति जारी गर्दै हिजबुल्लाहले इरानको तर्फबाट कदम चाल्दै इजरेली नागरिकलाई निशाना बनाएको आरोप लगाएको छ।"कारबाही इजरेलप्रति 'हिजबुल्लाहले गरेको प्रहारको जबाफमा" गरिएको विज्ञप्तिमा उल्लेख छ। उसले उक्त समूहको "अभियानमा सामेल हुने निर्णय" विरुद्ध कदम चाल्ने र हिजबुल्लाहलाई उत्तरी इजरेलको लागि खतरा सृजना गर्न नदिने बताएको छ।आईडीएफले हिजबुल्लाहको कामले लेबनानमा थप विनाश निम्त्याउने जोखिम रहेको र निरन्तर आक्रमणको जोडदार जबाफ दिने बताएको छ।

प्रत्यक्षदर्शीहरूले बेरुतको दक्षिणी भागमा आक्रमण भएको जानकारी दिएको रोएटर्स समाचार संस्थाले जनाएको छ। इजरेली सेनाले हिजबुल्लाहका आधारहरूमा आक्रमण थालेपछि स्थानीय समयअनुसार बिहान ३ बजेभन्दा केहीअघि सहरमा विस्फोटको शृङ्खलाले त्यहाँका बासिन्दाहरूलाई ब्युँझाइदिएको छ।हिजबुल्लाहले एक विज्ञप्ति जारी गरी इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनेईको हत्याको बदलामा आफूले कारबाही गरेको र त्यसलाई 'आत्मरक्षाको वैधानिक कदम' भनेको छ। उसले उत्तरी इजरेलमा रहेको क्षेप्यास्त्र प्रतिरक्षा स्थल लक्षित गरेर 'रकेट र ड्रोन समूहको सटीक' प्रक्षेपण गरेको बताएको छ।

इजरेल र लेबनान सन् २०२४ मा अमेरिकी मध्यस्थतामा युद्ध विरामका निम्ति सहमत भएका थिए, जसले हिजबुल्लाहसँग एक वर्षभन्दा लामो समयदेखिको लडाइँ अन्त्य गरिदिएको भयो। त्यसयता दुवै पक्षले एक अर्कालाई युद्ध विरामको उल्लङ्घन गरेको आरोप लगाउँदै आएका छन्। सामाजिक सञ्जालका भिडिओमा बेरुतको दक्षिणी उपनगरमा धुवाँको मुस्लो निस्किरहेको देखिन्छ।एअरपोर्टको बाटो र उत्तरतिर जाने मुख्य राजमार्गहरूमा सवारी साधनको लामो जाम देखिन्छ।

विस्फोटको आवाजलाई सवारी साधनको हर्नको आवाजले प्रतिस्थापन गरेको छ। अन्य तस्बिर हरूमा पनि विमानस्थलतर्फ जाने मुख्य सडकमा प्रभाव देखिन्छ। फुटेका सिसाहरूसहित क्षतिग्रस्त कारहरूको लाइन सडकमा छ तर यो क्षतिको आकार स्पष्ट छैन। साइप्रसस्थित ब्रिटिश रोयल एअर फोर्स (आरएएफ) को आधार स्थलमा आइवार राति 'शङ्कास्पद ड्रोन आक्रमण' गरिएको ब्रिटेनको रक्षा मन्त्रालयले जनाएको छ।

आफ्नो सुरक्षा फौजले स्थानीय समयअनुसार मध्यरातमा साइप्रसको आरएएफ अक्रोटिरीमा भएको आक्रमणको जबाफ दिइरहेको रक्षा मन्त्रालयको बताएको छ। बीबीसीले सन्दिग्ध आक्रमणमा कुनै मानवीय क्षति नभएको थाहा पाएको छामन्त्रालयले भनेको छ, "यस क्षेत्रमा हाम्रो फौजको सुरक्षा उच्च स्तरको छ र उक्त आधारले हाम्रा जनताको सुरक्षाको लागि प्रतिक्रिया जनाएको छ।"

**लीज डूसेटः एक असाधारण समय जसका निम्ति इरानले गरेको थियो तयारी**

इस्लामिक गणतन्त्र इरानको निम्ति अहिले निर्णायक समय हो। शनिवार बिहान हमला सुरु हुँदा प्रारम्भिक लहरमै जुनबेला उनको निवास लक्षित भएको स्पष्ट भयो त्यतिखेर देखि नै त्यहाँका सर्वोच्च नेता आयातोल्लाह अली खामेनेईको अवस्थाबारे भिन्न भिन्न विवरणहरू आइरहे।भूउपग्रहबाट खिचिएका तस्बिरहरूमा उनको निवास परिसरमा धेरै क्षति पुगेको देखियो। इरानबाट आएका प्रारम्भिक प्रतिक्रियामा उनलाई सुरक्षित स्थलतर्फ लगिएको भनिएको थियो।

त्यसपछि ती ८६ वर्षीय धर्मगुरुले सरकारी टेलिभिजनमा सम्बोधन गर्ने भनियो तर त्यसो हुन सकेन। शनिवार साँझतिर इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतान्याहुले टेलिभिजन सम्बोधन गर्दै ती सर्वोच्च नेता "अब नरहेको थुप्रै सङ्केतहरू" मिलेको घोषणा गरे।इजरेली तथा अमेरिकी सञ्चारमाध्यमहरूले नाम नखुलाइएका अधिकारीहरूलाई उद्धृत गर्दै ती नेताको निधन भएका पुष्ट प्रमाण पाइएका विवरण दिए।तर इरानी अधिकारीहरूले त्यसलाई अस्वीकार गरि नै रहे। तर अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले उनको सामाजिक सञ्जालमा इरानी सर्वोच्च नेता मारिएको समाचार राखेको कैयन् घण्टापश्चात् इरानको सरकारी टेलिभिजनले खामेनेईको निधन भएको पुष्टि गऱ्यो।

इस्लामिक गणतन्त्र इरानको उतारचढावपूर्ण इतिहासमा अहिलेको समय निकै कठिन हो - तर यसका सबभन्दा शक्तिशाली धर्मगुरु तथा सैन्य कमान्डरहरूले यस्तो समय आउने छ भनेर तयारी गरेका थिए।गत जुनमा भएको १२ दिनको युद्धका बेला पहिलो रातमा भएको पहिलो लहरको आक्रमणमै इजरेलले ९ जना परमाणु वैज्ञानिक तथा कैयन् सुरक्षा प्रमुखहरूलाई मारिदिन सफल भयो। त्यसपछिका दिनहरूमा थप वरिष्ठ वैज्ञानिक तथा कम्तीमा ३० वरिष्ठ कमान्डरहरू मारिए।आयतोल्लाह पनि उनीहरूको निसानामा छन् भन्ने स्पष्ट पारिएको थियो।

त्यतिखेर युद्धभरि खामेनेई विशेष भूमिगत बङ्करमा रहे र उनले माथिल्लो तहमा कुनै रिक्तता नहोस् भनेर तत्काल पदस्थापन गरिहाल्न सुरक्षा अधिकारीहरूको सूची नै बनाएका विवरण आए। गत वर्षको वैमनस्यताभन्दा अगाडि पनि खामेनेईले असेम्बली अफ एक्स्पर्ट्स - ८८ वरिष्ठ धर्मगुरुहरूको समूह -लाई जुनसुकै परिस्थितिका निम्ति तयार रहन भनेको विवरण आएका थिए। न्यूयोर्क टाइम्सका अनुसार आफ्नो हत्या भए आफ्नो पदमा नियुक्त हुन सक्ने सम्भावित् "तीन वरिष्ठ धर्मगुरु" उनले छानेका थिए।उनका छोरा मोज्तबा लगायत उनका सम्भावित् उत्तराधिकारीबारे कैयन् वर्षदेखि चर्चा चल्दै आएको थियो।

यसपालिको हमलाको पहिलो दिनको हवाई आक्रमण तथा लक्षित आक्रमणमा मारिने केवल सर्वोच्च नेतामात्र होइनन्। जो जो अहिले वरिष्ठ पदमा बहाल छन् वा जो जसले अब झन् वरिष्ठ पद सम्हाल्नु पर्ने छ तिनले आफूहरू अडिग रहेको र कुनै पनि उत्तराधिकारीको चयन प्रक्रिया सहज हुनेछ भनेर विश्वलाई सन्देश दिनु पर्ने छ।

तर आयातोल्लाहको ३६ वर्षीय शासनको अन्त्य उनका समर्थकहरूका निम्ति ठूलो धक्का हुने छ। तिनमा उनको रक्षाको कर्तव्य निर्वाह गर्दै आएका उनका सहयोगी तथा इस्लामिक रेभलुश्नरी गार्ड्स कोर (आईआरजीसी)का वरिष्ठहरू तथा देशभित्र र बाहिर रहेका इस्लामिक क्रान्तिका समर्थकहरू पर्छन्।

तर तेहरान तथा कराज सहरका गल्लीहरूमा उनको निधनको खबर सुनेर उत्सव मनाइरहेका मानिसहरूको समूहको केही भिडिओ बीबीसीले साँचो भएको पत्ता लगाएको छ। पश्चिमा जगत् खास गरी संयुक्त राज्य अमेरिकाप्रति गहिरो गरी सशङ्क खामेनेईले इरानभित्र कठोर शासन चलाए। सुधारका आह्वान तथा बारम्बार भएका विरोध प्रदर्शनहरूको दमन गरे। इजरेल र अमेरिकासँग प्रत्यक्ष सैन्य टकरावका माझ देशभित्र मानिसहरूले परिवर्तनका निम्ति आवाज झन् उठाउन थालेपछि उनले जीवनकै सबभन्दा ठूलो चुनौती बेहोरेका थिए।यो महिनाको सुरुमा हामी तेहरान पुग्दा इरान पहिलेभन्दा एउटा बेग्लै देश जस्तो लाग्यो। हजारौं इरानीको ज्यान गएको इतिहासकै खराब भनिएको सुरक्षा दमनका कारण उत्पन्न पीडा र आक्रोश ताजै थियो।

खामेनेईको शासन अचानक अन्त्य भएपश्चात् अब प्रश्नहरू उनका उत्तराधिकारीतर्फ सोभिने छन् ।

# बाधा चिर्दै एसियन कपमा बङ्गलादेश



एएफपी

ढाका ।सामाजिक कलङ्क, गरिबी, धार्मिक कट्टरता र पारिवारिक दबाबका वर्षौंको अवरोध पार गर्दै बङ्गलादेशको राष्ट्रिय महिला फुटबल टोली पहिलो पटक महिला एसियन कपमा स्थान बनाउन सफल भएको छ । अस्ट्रेलियामा मार्च ३ देखि सुरु हुने प्रतियोगितामा डेब्यू गर्न लागेको टोलीका लागि यो केवल खेल उपलब्धि मात्र नभई लैङ्गिक विभेदविरुद्धको ऐतिहासिक जीत पनि बनेको छ ।

करिब १७ करोड जनसङ्ख्या भएको यस दक्षिण एसियाली राष्ट्रमा महिला खेलाडी बन्नु सजिलो छैन । विशेषगरी ग्रामीण क्षेत्रमा केटीहरूलाई खेलकुदबाट टाढा राख्ने सामाजिक दबाब गहिरो छ । सर्ट लगाएर फुटबल खेल्नु अभद्र ठान्ने धारणा अझै जीवित छ । कप्तान अफिदा खान्डाकरले समुदायबाट पर्याप्त साथ पाएको भए अझ धेरै केटीहरू टोलीमा जोडिन सक्ने बताउनुभयो । उहाँका अनुसार धेरैले प्राथमिक तहपछि नै फुटबल छोड्नुपरेको छ, कतिपयलाई सानै उमेरमा विवाहका लागि दबाब दिइएको छ ।

बीस वर्षीया खेलाडी एन्निमा खानम रिचीले आफ्ना धेरै साथीहरूलाई खेलबाट हटाएर व्यवस्थित विवाह गराइएको स्मरण गर्नुभयो । परिवारहरूले सामाजिक दबाब सहन नसक्दा छोरीहरूलाई मैदानबाट टाढा राख्ने गरेको उहाँको भनाइ छ । कप्तान खान्डाकरले पनि आफ्ना आमाबाबुले– विशेषगरी आमाले–कटु टिप्पणी सहेर आफूलाई अघि बढाउन साथ दिनुभएको उल्लेख गर्नुभयो । उहाँले पाँच वर्षको उमेरदेखि फुटबल खेल्दै आउनुभएको हो ।

सन् २०११ मा पहिलो महिला लिग सुरु भएको बङ्गलादेशमा दुई वर्षयताको राजनीतिक उथलपुथलले थप चुनौती थपेको थियो ।

सन् २०२४ को विद्रोहपछि सक्रिय इस्लामवादी समूहहरूले महिलामाथि 'अपर्याप्त विनय' को आरोप लगाउँदै दबाब बढाएका थिए । हिंसाको धम्कीका कारण गत वर्ष केही खेल रद्दसमेत भएका थिए । हालै सम्पन्न आम निर्वाचनमा विजयी बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले महिला अधिकारको समर्थन गर्ने वाचा गरेको छ, तर इस्लामवादी दलहरूको बढ्दो प्रभावले लैङ्गिक नीतिबारे चिन्ता कायमै छ ।

बङ्गलादेश फुटबल महासङ्घका प्रशिक्षक सैफुल बारी टिटुले महिला टोलीले धेरै विरोध झेलेर यहाँसम्म पुगेको बताउनुभयो । उहाँका अनुसार पछिल्ला वर्षमा आधारभूत संरचना विस्तार भएको छ र देशभर ४० भन्दा बढी क्लबले नौ वर्षदेखि केटीहरूलाई प्रशिक्षण दिन थालेका छन् । सन् २००८ अघि राष्ट्रिय महिला टोली नै नभएको स्मरण गर्दै महिला शाखा प्रमुख महफुजा अख्तर किरोनले खेलाडीहरूको जीविकोपार्जन सुनिश्चित गर्नु प्राथमिकता रहेको बताउनुभयो । पुरुष खेलाडीको तुलनामा पारिश्रमिक कम भए पनि उक्त आम्दानीले धेरै परिवारलाई स्थायित्व दिएको उहाँको भनाइ छ।

अधिकांश खेलाडी सीमान्तकृत परिवारबाट आउने गरेका छन् । कप्तानका बुबा खन्डाकर आरिफ हुसेन प्रिन्सका अनुसार धेरै अभिभावक रिक्शाचालक, मजदुर वा साना व्यवसायी भएकाले आर्थिक अभावका कारण छोरीहरूले खेल छोड्ने अवस्था आउँछ । प्रायोजकहरूको चासो बढ्दै जाँदा समाजको मनोवृत्ति विस्तारै परिवर्तन भइरहेको खेल अधिकारीहरूको विश्वास छ ।

अब बङ्गलादेशले आफ्नो पहिलो खेल नौ पटकको एसियाली च्याम्पियन चीनसँग खेल्दै अभियान सुरु गर्दैछ । चीन र उत्तर कोरिया जस्ता शक्तिशाली टोलीहरूसँग प्रतिस्पर्धा कठिन हुने कप्तान खान्डाकरको स्वीकारोक्ति छ, तर टोलीले उत्कृष्ट प्रदर्शन गर्ने दृढता व्यक्त गर्नुभयो । एसियन कपको मैदानमा उत्रँदा बङ्गलादेशी खेलाडीहरूका लागि यो केवल खेल प्रतियोगिता नभई समानताको सङ्घर्षको निरन्तरता हुनेछ ।

# होर्मुज सङ्कटले विश्व बजारमा हलचल

एएफपी

हङकङ । इरानमा अमेरिका-इजरायल संयुक्त आक्रमण र त्यसपछिको क्षेत्रीय तनावले विश्व ऊर्जा बजारलाई तीव्र झट्का दिएको छ । होर्मुज जलडमरूमध्य आसपास असुरक्षा चुलिँदा सोमबार एसियाली बजार खुल्नेबित्तिकै कच्चा तेल र ग्यासको मूल्य उकालो लाग्यो भने सेयर बजारहरू गहिरो गिरावटमा पुगे । इस्लामिक गणतन्त्र इरानमा सर्वोच्च नेता अयातुल्ला अली खामेनीसहित वरिष्ठ अधिकारीहरूको ज्यान जाने गरी भएको हमलापछि ब्रेन्ट क्रुड सुरुवाती कारोबारमा झन्डै १४ प्रतिशत र वेस्ट टेक्सास इन्टरमिडियेट करिब १२ प्रतिशतले उक्लिएको थियो । विश्व समुद्री तेल आपूर्तिको करिब २० प्रतिशत बग्ने होर्मुज जलडमरूमध्य प्रभावकारी रूपमा अवरुद्ध भएको, केही जहाजमा आक्रमण भएको र बीमा लागत आकासिएको खबरले आपूर्ति अवरोधको डर झन् बढाएको हो । पछि केही लाभ घटे पनि कच्चा तेल नौ प्रतिशतभन्दा बढी माथि नै रह्यो भने युरोपेली ग्यासको मूल्य २० प्रतिशतभन्दा बढीले बढ्यो ।

टोकियो, हङकङ, सिङ्गापुर, मुम्बई, बैङ्कक, वेलिङ्गटन र ताइपेईका सेयर बजारहरू राताम्मे देखिए । लन्डन झन्डै एक प्रतिशत घट्दा फ्रान्कफर्ट र पेरिसमा दुई प्रतिशतभन्दा बढी गिरावट आयो । साङ्घाई भने सामान्य सुधारमा रह्यो र सिड्नी स्थिर जस्तै देखियो । अमेरिकी मुद्रा प्रारम्भमा कमजोर बने पनि पछि सुरक्षित लगानीतर्फको आकर्षणका कारण डलर र सुन दुवै बढेका छन्, जसमा सुन झन्डै दुई प्रतिशतले उक्लिएको छ ।

क्षेत्रीय उडान रद्द हुन थालेपछि एयरलाइन्स कम्पनीहरूको सेयरमा तीव्र गिरावट आयो । हङकङको क्याथे प्यासिफिक चार प्रतिशत, सिड्नीमा सूचीकृत क्वान्टास ५.४ प्रतिशत, सिङ्गापुर एयरलाइन्स ४.८ प्रतिशतले घटे । जापानका एएनए र जेएएल पनि पाँच प्रतिशतभन्दा बढी ओरालो लागे । यसको विपरीत ऊर्जा कम्पनीहरू भने उक्लिए; अस्ट्रेलियाका वुडसाइड एनर्जी र सान्तोस छ प्रतिशतभन्दा बढीले बढे, पेट्रोचाइना करिब चार प्रतिशत माथि पुग्यो र जापानको इन्पेक्सले पनि उल्लेख्य वृद्धि गऱ्यो ।

इरानले औपचारिक रूपमा जलडमरूमध्य बन्द नगरे पनि रिभोलुसनरी गार्ड्सले जहाजलाई सावधानी अपनाउन चेतावनी दिएको छ । ओमान र युएईको तट



नजिक दुई जहाज ठोक्किएको र एउटा तेल ट्याङ्करमा प्रहार भई डुबेको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । प्रमुख ढुवानी कम्पनीहरूले आफ्ना जहाजहरूको मार्ग परिवर्तन गरिसकेको पुष्टि गरेका छन् । विश्लेषक अमेना बक्रका अनुसार अवस्था लम्बिए कच्चा तेलको मूल्य ९० डलर नाघ्न सक्छ र रणनीतिक भण्डारले पनि पूरै कमी धान्न नसक्ने जोखिम छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी जनतालाई सरकारविरुद्ध उठ्न आह्वान गर्दै युद्ध 'चार हप्ता' सम्म लम्बिन सक्ने बताउनुभएको छ । तर इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का प्रमुखले संयुक्त राज्य अमेरिकासँग वार्ता नगर्ने स्पष्ट पार्नुभएको छ । इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गरेपछि लेबनानमा पनि आक्रमण भएको खबरले द्वन्द्व थप फैलिन सक्ने चिन्ता बढाएको छ ।

स्याक्सो मार्केटका चारु चनानाका अनुसार ऊर्जा मूल्य उच्च रहिरहे मुद्रास्फीति फेरि चर्किन सक्छ र अमेरिकी फेडरल रिजर्भलाई ब्याजदर कटौतीमा सतर्क बनाउनेछ । क्लेप्लरकी विश्लेषक मिसेल ब्रोहार्डले उच्च तेल मूल्यलाई ट्रम्प प्रशासनको 'एचकिलिस हिल' को संज्ञा दिँदै अमेरिकी मध्यावधि चुनाव नजिकिँदै गर्दा मूल्यवृद्धिले राजनीतिक दबाब बढाउन सक्ने बताउनुभयो ।

कतार विश्वको प्रमुख तरलीकृत प्राकृतिक ग्यास निर्यातकर्ता भएकाले ग्यास मूल्य वृद्धिले विश्व अर्थतन्त्रमा थप असर पार्ने आकलन गरिएको छ । पेरिसस्थित आइइएसइजी स्कुल अफ म्यानेजमेन्टका अर्थशास्त्री एरिक डोरका अनुसार तनाव छोटो अवधिमा सीमित रहे ठूलो असर नपर्न सक्छ, तर लामो समय कायम रहेमा बढ्दो ऊर्जा र ढुवानी लागतले विश्व आर्थिक वृद्धिमा मन्दीको छायाँ पार्न सक्छ ।

# थकाली समुदायमा ‘तोरनल्ह’ पर्व को रौनक




म्याग्दी । म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसंखयक थकाली समुदायमा तोरन ल्ह (फागुपूर्णीमा) पर्वको रौनक छाएको छ ।

नेपालका विभिन्न क्षेत्रमा ११ हजार जनाको संख्यामा बसोबास गर्ने थकाली समुदायले हरेक वर्ष फागुपूर्णीमाको अवसरमा परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् । फागुपूर्णीमाको अघिल्लो दिन सुरु हुने तोरनल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली सेवा समिति बेनी क्षेत्रका अध्यक्ष सुन्दरमान शेरचनले बताउनुभयो ।

“तीन दिन सबैरे उठेर चोखो निष्ठ भएर पित्रीलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ,” उहाँले भन्नुभयो “ आफन्तहरुलाई बोलाएर मिठामिठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ।”

मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ। घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ। म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ। तोरन ल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकालीय आफ्नो जन्मथलो फर्किएका छन् । तोरन ल्हमा थकाली समुदायले घर सिगारपटार गरेका छन् ।

तोरन्ल्ह पर्वको अवसरमा थकाली समुदायका पुरुष परम्परागत तारो हान्ने खेल खेलेर रमाइलो गर्दछन् । महिला भने मौलिक वेषभूषामा सजिएर नाचगान गर्ने, गोटा खेल्ने र शुभकामना साटासाटा गरेर तोरन्ह मनाउँछन् । थकाली सेवा समिति बेनी क्षेत्रको आयोजनामा बेनीमा आइतबारदेखि तारो हान्ने प्रतियोगिता सुरु भएको छ। यस वर्ष चुनावको समय भएकाले निर्वाचन आचारसंहिताको पालना गरेर थकाली समुदायका सदस्य मात्र भेला भएर तोरन्लह पर्व मनाउन लागिएको थकाली सेवा समितिका शङ्करमान शेरचनले बताउनुभयो ।रासस

# भोजपुरको भुल्केमा जलाधार क्षेत्र संरक्षण अभियान

भोजपुर। मानवीय क्रियाकलाप र जलवायु परिवर्तनका असरका कारण सुक्दै गएका प्राकृतिक मुहान जोगाउन भोजपुरको रामप्रसादराई गाउँपालिकाले जलाधार क्षेत्र संरक्षण अभियान अघि बढाएको छ।

गाउँपालिका-३ स्थित भुल्के क्षेत्रमा नेपाल जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत मुहान संरक्षण तथा आवश्यक संरचना निर्माण गरिएको हो। रु २५ लाख बजेटबाट पाँचधारे र तीनधारे मुहानको संरक्षण, घेराबारा, रिचार्ज पोखरी निर्माण, करिब दुई सय मिटर सिँचाइ कुलो निर्माण, विश्रामस्थल तथा शौचालय निर्माणलगायतका काम गरिएको वडाध्यक्ष रामु थापामगरले जानकारी दिनुभयो । संरक्षण गरिएका मुहान हाल खानेपानी र सिँचाइ दुवै प्रयोजनका लागि प्रयोग हुँदै आएका छन् ।

“प्राकृतिक प्रकोप र बढ्दो मानवीय गतिविधिका कारण धेरै मुहान सुक्दै गएका छन। रासस

# ‘अब आश्वासन हैन, खानेपानी, सडक र रोजगार देऊ’




तानसेन। पाल्पा क्षेत्र नं २ को तिनाउ गाउँपालिका-४ सत्यवतीका मीनबहादुर चौहानले हरेक पटकका निर्वाचनमा पानी ल्याइदिन भने पनि आफूहरुको समस्या कसैले नसुनेको बताउनुभयो । उहाँले भन्नुभयो, “चैत, वैशाख लाग्नासाथ गाउँमा आउने खानेपानीका मुहान सुक्छन् । त्यसपछि बिहानै उठेर पिउने पानी खोज्दै खोल्साका कुवा धाउनुपर्छ। सबेरै नजाने हो भने कुवाको पानी पनि नपाइने चिन्ता हुन्छ, ।” हामीलाई जसले खानेपानी ल्याइदिन्छ उसैलाई भोट दिने उहाँको भनाइ छ।

यो समस्या उहाँको मात्र होइन यस क्षेत्रका ३५० परिवार वर्षौंदेखि खानेपानी समस्या भोग्दै आएका छन् । तिनाउ कचलका थर्कबहादुर बगालेले विगतमा धेरै पार्टीका नेताले स्थानीयको सबै माग पूरा गर्ने भन्दै निवार्चनका बेला झुक्याएर भोट लिए पनि यसपटक भने विगतमा जस्तो प्रतिबद्धता मात्र जनाउने तर काम नगर्नेलाई कुनै हालतमा भोट नदिने बताउनुहुन्छ। मतदाताको मागप्रति बेवास्ता गर्ने र आफ्नो मात्र फाइदा उठाउनेलाई भोट नदिने गाउँलेहरूले निर्णय गरेको उहाँले बताउनुभयो। “जसले स्थानीयको माग पूरा गर्छ। त्यसले भोट पाउँछ। नेतालाई भोट चाहिएको छ भने जनताको समस्या बारेमा बुझ्न जरुरी छ। अब पहिलाको जस्तो जनतालाई भ्रममा नपारे हुन्छ”, बगालेले भन्नुभयो।

आर्यभञ्ज्याङ-रामपुर सडक बनाउने आश्वासन दिएर नेताहरुले मत मागेको तीन दशक भयो। यही सडकका नाममा उम्मेदवारहरुले मत मागेर चुनाब जिते, सदनमा पुगे तर सडकको अवस्था उस्तै छ। जब-जब निर्वाचन नजिक आउँछ, तब यस क्षेत्रका उम्मेदवारले छिट्टै सडक बन्ने आश्वासन दिन्छन् । तर जितेर गएपछि अवस्था उस्तै । यसपटक भने जनताले उम्मेदवारलाई बाटो बनाएको खै ? भनेर सोध्न थालेका छन्। सिलुवाका मानबहादुर बयम्वु यो सडक बनाउँछु भनेर नबनाउने उम्मेदवारलाई प्रश्न गरेको बताउनुहुन्छ । पाल्पाको आधा भागमा फैलिएको यो सडक सिद्धार्थ राजमार्ग भन्दा पनि पहिलेदेखि प्रयोगमा थियो।

स्थानीयले जनश्रमदानबाट बनाएको यो सडक पछिल्ला वर्षहरुमा सङ्घ र प्रदेश सरकारको चासोमा नपरेपछि बिग्रँदो अवस्थामा छ । स्थानीय कमला श्रेष्ठ पटकपटक सडक बनाउने आश्वासन दिएर पनि नबनाएका कारण यसपटक मत बदल्ने बताउनुहुन्छ। उहाँ जसले सडक बनाउने विश्वास दिलाउन सक्छ, उसैलाई भोट दिने बताउनुभयो । यो घिउ, अदुवा, सुठोसँग लत्ता कपडा, नुन मसला र मटितेल साट्न बुटबल जाने बाटो पनि थियो। जब उत्तर दक्षिण जोड्ने कालीगण्डकी करिडोर बन्यो तब, यो सडक अलपत्र भयो । कसैको चासोमा परेन । २०६३ सालमा जिल्ला विकास समितिले कालोपत्रे गरेको यो सडकमा दैनिक सय भन्दा बढी ठूला साना सवारीका साधन गुड्छन्। यही सडकलाई रामपुरदेखि छहरा हुँदै सल्ल्यानको कपुरकोटसम्म जोड्ने र यसको नामकरण कृष्ण सेन इच्छुक मार्ग भन्ने लुम्बिनी प्रदेश सरकारले उद्धोष गरे पनि आर्यभञ्ज्याङ-रामपुर खण्डमा बजेट छैन्।

बगनासकाली-१, घोरबन्दाकी सुमित्रा कुमालले पनि प्रत्येक निर्वाचनमा गाउँमा आएर उम्मेदवारले आश्वासन बाँडे पनि स्थानीयका समस्या हल नगरेको गुनासो गर्नुभयो। ५० प्रतिशत कुमाल समुदायको बसोबास रहेको यहाँका अधिकांश मतदाताको मजदुरी नगरी साँझ- बिहान चुलो बल्दैन । “केही वर्षअघिसम्म त ज्याला मजदुरी गरेर पनि गुजारा चलाउन सकिन्थ्यो तर अहिले त काम खोज्दै बजार गयो, ज्याला मजदुरी नपाउने अवस्था छ,” सुमित्राले भन्नुभयो, “यहाँ रोजगार नपाएपछि गाउँका युवा जति विदेशतिर गए। गाउँमा त बूढाबूढी मात्र छन्।”

उहाँले गाउँमै गरिखाने वातावरण बनाई दिनेलाई भोट दिने बताउनुभयो । “धेरै पटक मतदान गरिसकेँ तर कुनै पनि नेताले आफ्नो वाचाअनुसार काम गरेको देखिँदैन। देशमा भनेजस्तो रोजगार नहुँदा दिनहुँ लाखौं युवा विदेसिनु पर्ने बाध्यता छ”, उहाँले भन्नुभयो, “देशमै कृषि गरौं भने पनि भनेको बेला सिँचाइ, मल, बीउ नपाउने समस्या छ।” यहाँका अधिकांशले दैनिक मजदुरी नगरे खान पाउँदैनन्।

सदरमुकामदेखि नजिकको बस्ती भए पनि बेरोजगारीसँगै स्वास्थ्य र शिक्षाको अभाव छ। रैनादेवी छहराका तुलबहादुर पोखरेलले नयाँ पुराना पार्टीले जनताको हितमा काम गर्न नसकेको गुनासो गर्नुभयो। लामो इतिहास बोकेका र भर्खर खुलेका पार्टीको विकास तथा सुशासन स्थापित गर्ने एउटै धारणा हुनुपर्ने उहाँको भनाइ छ। विकट गाउँ बस्तीका नागरिक आधारभूत सेवा पाउनबाट वञ्चित रहेका सुनाउँदै चुनाव जितेपछि उनीहरुको समस्या बुझेर काम गर्ने नेताको आवश्यकता रहेको पोखरेल बताउनुहुन्छ। “मैले धेरै चुनावमा भाग लिए, चुनाव जितेकाहरुले केही गर्दै नगरेका त होइनन्, तर उनीहरुले जति गर्नुपर्ने हो त्यति गरेनन्, अब आउने नेतृत्वले हरेक नागरिकको समस्या बुझेको हुनु पर्छ”, उहाँले भन्नुभयो, “आफ्नो पार्टीका मान्छेलाई काखा अरूलाई पाखा गर्ने विभेदी नेता हुनुहुँदैन, निःस्वार्थी भावको नेतालाई जिताउन जरुरी हुन्छ।”

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरु मतदाता रिझाउन घरदैलो गरिरहेका छन्। घरदैलोमा पुग्ने नेतालाई पाल्पाका मतदाताले खानेपानी, सडक र रोजगार सिर्जना गर्नुपर्ने माग गरेका छन् । हरेक चुनावमा आश्वासन मात्रै दिने तर चुनाव जितेपछि काम नगर्ने प्रवृत्ति दोहोरी रहेको उनीहरुको गुनासो छ। यहाँ ग्रामीण क्षेत्रका मतदाताहरुले आफूहरुको समस्या बुझ्ने नेतालाई भोट दिने बताएका छन्।

मतदातालाई भेट्न घरदैलोमा पुग्नुभएका नेपाली कांग्रेस पाल्पा क्षेत्र नं २ का उम्मेदवार हिमालदत्त श्रेष्ठसमक्ष ती क्षेत्रका स्थानीयले विगतमा धेरै आश्वासन सुनिएको तर अपेक्षित विकास हुन नसकेको गुनासो व्यक्त गरेका थिए। सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत आवश्यकता अझै अधुरै रहेको उनीहरूको भनाइ थियो।

गुनासो सुनेपछि उम्मेदवार श्रेष्ठले नागरिकका समस्यालाई गम्भीरतापूर्वक लिएको बताउँदै जनताको आवश्यकताअनुसार विकासका लागि आफूले पहल गर्ने बताउनुभएको छ। “हामी निर्वाचनका बेला आश्वासन दिन होइन, यहाँहरुका समस्या बुझेर समाधानका लागि काम गर्न उम्मेदवार बनेर आएका हौं,” उहाँले भन्नुभयो।

पाल्पा क्षेत्र नं २ बाट उम्मेदवार बन्नुभएका नेकपा (एमाले) का ठाकुर गैरेले देशमा राजनीतिक स्थिरता र विकासका योजनाहरू सफल पार्न एमालेको स्पष्ट बहुमत हुनुपर्नेमा जोड दिँदै भन्नुभयो, “मैले सधैं पाल्पाको विकास र राष्ट्रियताको पक्षमा आवाज उठाउँदै आएको छु ।” यस क्षेत्रको शिक्षा, स्वास्थ्य र सिँचाइ मुख्य चुनौती रहेको र यहाँको जग बलियो बनाउन तथा गाउँमै कृषि, घरेलु उद्योगहरुको स्थापना गरी युवालाई उद्यमशीलता र रोजगार प्रदान गर्न आफूलाई विजयी बनाउन मतदातासँग उहाँको आग्रह थियो।


पूर्वखोलाको वीरकोट पुग्नुभएका नेपाली कांग्रेस पाल्पा क्षेत्र नं १ का उम्मेदवार सन्दीप रानामगरसँग त्यहाँका नागरिकले सरकार नै नभएको जस्तो भान भएको बताएका छन् । रानालाई गाउँले जीवनको दुःखले दैनिक बसाइँ सरेर गाउँ रित्तो हुन थालेको मतदाताले बताएका छन्। “गाउँका बाटोघाटोको उस्तै बिजोग छ, स्वास्थ्य समस्या उत्तिकै छ,” स्थानीय नरबहादुर कामुले भन्नुभयो, “माथिको सरकार टाढै भयो-स्थानीय सरकारले पनि जनताका समस्याप्रति गम्भीर देखिँदैन।” गाउँमा अझै पनि खानेपानी, सिँचाइको समस्या जनताले भोगिरहेको उहाँ बताउनुहुन्छ । जनताको दैनिकी राम्रो बनाउन र सहज वातावरण गाउँमै रोजगार, छोराछोरी बाहिर जानुपर्ने अवस्थाको अन्त्य गरी गाउँमै फर्किएर रोजगारीलाई जोड दिएको कांग्रेस उम्मेदवार राना मगरले बताउनुभयो। उम्मेदवार रानालाई सो क्षेत्रका बासिन्दाले ‘जितेपछि तपाईं पनि नआउने होला’ भन्दै शङ्का व्यक्त गरे।

एमालेबाट उम्मेदवार बन्नुभएका नारायण आचार्यलाई पनि स्थानीय मतदाताले उही प्रश्न सोधका थिए। विगतमा गरिएका वाचा पूरा नभएकामा मतदाताको असन्तुष्टि थियो । उम्मेदवार आचार्यले विगतका कमीकमजोरीलाई सच्याउँदै जनताका समस्या समाधानमा आफू लाग्ने बताउनुभयो । २०७८ सालमा भएको निर्वाचनमा यहाँका दुईवटै क्षेत्रमा एमालेका उम्मेदवार विजयी हुनुभएको थियो। क्षेत्र नं १ बाट नारायण आचार्य र क्षेत्र नं २ बाट ठाकुरप्रसाद गैरे निर्वाचित हुनुभएको थियो।

यसअघिका निर्वाचन जितेको एमालेले मात्र होइन, सबै दलका उम्मेदवारले घोषणापत्रमा सडक खानेपानी, रोजगारका मुद्दालाई अगाडि ल्याएका छन्। यसअघि पनि यिनै मुद्दा देखाएर चुनाव जितेर गएपछि माग सम्बोधन नभएको स्थानीयको गुनासो छ। यही फागुन २१ को निर्वाचनमा यस जिल्लाबाट कांग्रेसले हिमालदत्त श्रेष्ठ, सन्दीप रानालाई उम्मेदवार बनाएको छ भने एमालेबाट नारायण आचार्य, ठाकुर गैरे, नेपाली कम्युनिष्ट पार्टीबाट सोमप्रसाद पाण्डेय र हुमबहादुर सुनारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधवबहादुर थापा र बिमल पन्त उम्मेदवार हुनुहुन्छ।

यस्तै, राष्ट्रिय जनमोर्चाबाट बालबहादुर दर्लामी र नरमती सिञ्जाली, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डुलबहादुर कुँवर र बृहस्पति अर्याल, नेसनल रिपब्लिक नेपालबाट देवप्रसाद श्रेष्ठ र थमनसिंह रेग्मी मगर, सार्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादीबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मङ्गोल नेसनल अर्गनाइजेसनबाट मानबहादुर दर्लामी र सलन चिदी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट विष्णु ठडराई र पुरन गैरे शर्मा, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट बोधराज जैसी, नेपाल मजदूर किसान पार्टीबाट कृष्णशोभा मुस्याख्व हुनुहुन्छ। स्वतन्त्रबाट मोहनकुमार थापा, केशवप्रसाद बस्याल, कौशल अर्याल, डिल्लीराज काफ्ले, जुद्धबहादुर विरकट्टा र वाछावली मियाँ चुनावी मैदानमा रहेका छन् ।रासस

# बन्तरिया शिविरका बाढीपीडितको दुई दशकदेखिको सास्ती



कञ्चनपुर । मुलुक निर्वाचनमय हुँदा शुक्लाफाँटा नगरपालिका-१२ स्थित बन्तरिया शिविरमा भने चुनावी माहोल खासै छैन । अठार वर्षअघि वनहरा र दोदा नदीको बाढीले सर्वस्व लुटेपछि सुरु भएको शिविरवासीको ‘अस्थायी’ जीवन अहिले पनि उस्तै छ । त्यसैले बन्तरियावासीका लागि निर्वाचनमा उम्मेदवारका विषयमा भन्दा पनि आफ्ना लागि सुरक्षित घर र जमिनको चिन्ता छ।

विसं २०६४ साल भदौ । साबिक देखतभूली गाविस क्षेत्रमा वनहरा र दोदा नदीको पानी बस्तीमा पस्यो । पानीको सतह बढ्न थालेपछि कतिपयले रूख चढेर ज्यान जोगाए, कतिपय सुरक्षित अग्लो ठाउँतिर भागे।

त्यो समय सम्झँदै महादेव रानाले भन्नुभयो, “भोलिपल्ट बिहान न घर थियो, न १५ कट्ठा खेत । सबैतिर बालुवा र बगर मात्रै थियो।” राना अहिले पनि त्यो क्षण सम्झँदा भक्कानिन्छन् । “हामी आफ्नै खेतका मालिक थियौं, अन्न बेचेर घरखर्च चलाउँथ्यौं, तर, एकै रातमा नदीले सबै बगायो, अहिले दुई छाक टार्न अर्काकामा मजदुरी गर्नुपर्छ”, उहाँले भन्नुभयो । नदीले घरजग्गा बगाएपछि तत्कालीन प्रशासनले वन क्षेत्रको छेउमा अस्थायी रूपमा बस्ने व्यवस्था मिलाएको थियो । त्यही अस्थायी बास नै अहिले बाढीपीडित परिवारहरूको पुस्तान्तरण हुने थलो बन्न पुगेको छ।

शिविरका बासिन्दा अहिले वनको छेउमा साना झुपडी बनाएर बसेका छन् । ६७ वर्षीय वासुदेव रानाले हावाहुरीको मौसम सुरु भएसँगै आफ्नो चिन्ता थपिने बताउनुभयो । वन क्षेत्रको छेउमा बनाइएका टायल र खपटाले छोपिएका झुपडीमाथि रूख ढल्ने जोखिम उत्तिकै छ।

“हावाहुरीले ठूला रूख ढाल्छन्,” रानाले भन्नुभयो, “कहिलेकाहीँ रूखका हाँगा झुपडीमा खस्दा ज्यान जोगाउनै मुस्किल हुन्छ, रातको समयमा हावाहुरी चल्दा झुपडी छोडेर खुला ठाउँमा बस्नुपर्ने बाध्यता छ ।” वनको छेउमै बस्नुपर्ने भएकाले हिंस्रक वन्यजन्तुको त्रास पनि उस्तै छ। हात्ती र बाघको हिँडुल बस्ती नजिकै हुने गर्दछ। घरभित्र राखेको अन्न बाँदरले खाइदिनु यहाँका बासिन्दाका लागि दैनिकीको हिस्सा बनेको छ।

निर्वाचन नजिकिएसँगै उम्मेदवारहरू हात जोड्दै बन्तरिया शिविर त आएका छन् । तर यहाँका स्थानीयलाई भने खासै चासो छैन । भुरीदेवी रानाका अनुसार प्रत्येक चुनावमा उम्मेदवारले दिने आश्वासन एउटै हुन्छ, पुनःस्थापना।

“जति जोगी आए पनि कानै चिरेका,” उहाँले आक्रोश पोख्दै भन्नुभयो, “विगतका चुनावमा पनि नेताहरूले पहिलो प्राथमिकतामा पुनःस्थापना गर्ने वाचा गरेका थिए, तर जितेर गएपछि काठमाडौंको महलमै भुल्छन्, हाम्रो झुपडी सम्झने कोही हुँदैन ।”यसपटक कञ्चनपुरका प्रमुख राजनीतिक दलहरूले बाढीपीडितको पुनःस्थापनालाई आफ्नो घोषणापत्रमा समेटेका त छन्, तर स्थानीयलाई ती कुरामा विश्वास लाग्न छोडेको छ । कतिपय उम्मेदवारले एकीकृत बस्ती विकासको कुरा गरेका छन् भने कतिपयले भूमि आयोगमार्फत जग्गा दिने आश्वासन बाँडेका छन्।

शिविरका युवा र महिलामा आत्मनिर्भर बन्ने इच्छा शक्ति नभएको होइन । तर, गरिबीले उहाँहरूको सीपलाई कोठाभित्रै थुनेको छ। राखी रानाले सिलाइ सीप सिकेको दुई वर्ष भयो, तर उहाँसँग एउटा मेसिन किन्ने पैसा छैन। “मेसिन भएको भए शिविर नजिकैको बजारमा पसल खोलेर दुईचार पैसा कमाउन सकिन्थ्यो,” उहाँले भन्नुभयो, “तर अहिले अरूको खेतमा अधिया गर्नुको विकल्प छैन।” शिविरका पुरुषहरू प्रायः छिमेकी भारतीय सहरहरूमा मजदुरी गर्न जान्छन् । स्थानीय स्तरमा रोजगारी नहुँदा र कृषि गर्न आफ्नै जमिन नहुँदा मुग्लान पस्नु यहाँका युवाहरूको बाध्यता हो।

शिविरमा आधारभूत सेवा सुविधाका नाममा केही छैन। खानेपानीका लागि जडान गरिएका तीनमध्ये एउटा पाइप रूखले थिचेर बिग्रिएको छ । अर्कोबाट पानी आउँदैन। एउटै धाराको भरमा १९ परिवारले पानी भर्नुपर्ने बाध्यता छ । बर्खाको समयमा हिलाम्मे बाटो र गर्मीमा धुलाम्मे सडकले आवतजावत कठिन बनाउँछ । शिविरका बासिन्दाले पुनर्स्थापनाको माग गर्दै काठमाडौंसम्म पुगेर धर्ना दिएका थिए । तर, तत्कालीन समयमा लगत लिने काम मात्र भयो, कार्यान्वयन भएन।

राजकुमार रानाका अनुसार जिल्ला प्रशासनले लगत लिए पनि त्यो फाइल कता थन्कियो, कसैलाई थाहा छैन । बन्तरिया शिविरका मतदाताहरू यसपटक निकै सचेत देखिएका छन्। घुम्मन रानाका अनुसार मतदानअघि शिविरका सबै परिवार बसेर साझा धारणा बनाउने तयारी भइरहेको छ। “हामीलाई आश्वासन होइन, कार्ययोजना चाहियो,” उहाँले भन्नुभयो, “जसले हाम्रो पुनःस्थापनाको स्पष्ट खाका र ग्यारेन्टी गर्छ, हामी उसैलाई मतदान गर्छौं।”

डेढ दशकदेखि अस्थायी बासस्थानमा कष्टकर जीवन बिताउँदै आएका यी १९ परिवारका लागि यो निर्वाचन केवल प्रतिनिधि छान्ने माध्यम मात्र होइन, अस्तित्व र सुरक्षित भविष्यको लडाइँ पनि हो। “गणतन्त्र आयो भन्छन्, नेता फेरिए भन्छन्,” रामसहाय रानाले भन्नुभयो, “तर हाम्रो झुपडी र बाढीको घाउ कहिले फेरिने हो ?। रासस

# निकुञ्जबाट बस्तीमा हात्ती : मरघटिया र वैशाखा शिविरमा जनधनको क्षति



कञ्चनपुर । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज आसपासका बस्तीमा जङ्गली हात्ती पसेर घर भत्काउनुका साथै अन्नपात र गहुँबाली नष्ट गर्न थालेपछि स्थानीयवासी चिन्तित बनेका छन्।

शुक्लाफाँटानगरपालिका-१२ मरघटिया शिविर र वैशाखा शिविरमा पछिल्ला दिनयता हात्तीको बथानले क्षति पुऱ्याउँदै आएको छ। मरघटिया शिविरकी देवकी राना र उहाँका श्रीमान् दानसिंह रानाले रातिको समयमा हात्ती घरमै पसेपछि भागेर ज्यान जोगाउनुभएको छ। दुई दिनअघि राति खाना खाएर सुतिरहेका बेला कच्ची घरको भित्तामा ठूलो आवाज आएपछि झस्किएका उनीहरूले बाहिर निस्केर ज्यान जोगाएका थिए ।“घाँसको बार भत्काएर हात्तीले सुड घरभित्र छिरायो,” देवकीले भन्नुभयो, “नभागेको भए के हुन्थ्यो भन्न सकिँदैन।” उहाँका अनुसार घरमा भर्खरै भित्राएको दुई बोरा चामल, दश किलो मसुरको दाल र पाँच किलो हल्दी हात्तीले खाएर नष्ट पारेको छ।

स्थानीयका अनुसार छावा सहितको हात्तीको ठूलो बथान बस्तीमा पसेको थियो । केही हात्ती बस्ती हुँदै निकुञ्ज फर्किए पनि दुई वटा हात्तीले घर भत्काएर अन्नपात सखाप पारेका थिए ।वैशाखा शिविरमा पनि हात्तीले खेतबालीमा क्षति पुऱ्याएको छ । किसान विखलु चौधरीका अनुसार चार दिनदेखि निरन्तर साँझ पर्नासाथ हात्ती खेतमा पस्ने गरेका छन् । “गहुँमा बाला लाग्न थालेको छ,” उहाँले भन्नुभयो, “तर हात्तीले पाक्न नदिई खाइरहेका छन् ।”

उहाँका अनुसार आफ्नो दश कट्ठा जमिनको गहुँबाली नष्ट भएको छ, भने आठजना किसानको झण्डै दुई बिघा क्षेत्रफलमा लगाइएको गहुँ चार दिनमै सखाप भएको छ । हात्ती साँझ नपर्दै खेतमा पसी बिहानपख मात्रै निकुञ्ज फर्किने गरेको स्थानीयले बताएका छन् ।स्थानीय अवज सिंह धामीले हात्ती नियन्त्रणका लागि वडा कार्यालय र निकुञ्ज प्रशासनमा जानकारी गराइएको भए पनि प्रभावकारी पहल नभएको गुनासो गर्नुभयो । “रातभरि त्रासमै बस्नुपरेको छ,” उहाँले भन्नुभयो, “कहिले घरमै छिर्छन् भन्ने डर छ।”

निकुञ्जसँग सटिएका मरघटिया र वैशाखा शिविरमा हरेक वर्ष हात्तीले बालीनाली तथा भौतिक संरचनामा क्षति पुऱ्याउने समस्या दोहोरिने गरेको छ। बाली पाक्ने समयमा हात्तीको आवतजावत झन् बढ्ने गरेको स्थानीयको अनुभव छ।

बस्तीका अगुवा सुम्ला रानाले वन्यजन्तु संरक्षण आवश्यक भए पनि मानव सुरक्षाको प्रत्याभूति हुनुपर्नेमा जोड दिनुभयो । “संरक्षणसँगै सुरक्षाको भरपर्दो व्यवस्था हुनुपर्छ,” उहाँले भन्नुभयो।

स्थानीयले हात्ती नियन्त्रणका लागि विद्युतीय तारबार, सोलार बत्ती, सायरन जडान लगायतको माग गरेका छन् । मानव-वन्यजन्तुद्वन्द्व न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको उहाँहरुको भनाइ रहेको छ ।रासस

# निर्वाचनका लागि सुरक्षा तयारी पूरा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै सुरक्षा व्यवस्थामा व्यापक कडाइ पारिएको छ । निष्पक्ष, शान्तिपूर्ण र भयमुक्त वातावरणमा मतदान सम्पन्न गराउने उद्देश्यले सुरक्षा संयन्त्र योजनाबद्ध रूपमा परिचालन गरिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।



प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी कमल थापाका अनुसार नेपाल-भारत सीमावर्ती क्षेत्रसहित विभिन्न संवेदनशील स्थानमा चेकपोस्ट स्थापना गरी विशेष निगरानी थालिएको छ । आठवटै जिल्लाका मतदान स्थल र केन्द्रहरूको सुरक्षा अवस्थाको अनुगमन तथा निरीक्षण कार्य सम्पन्न भइसकेको र आवश्यक तयारी पूरा गरिएको जानकारी उनले दिए ।

निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा म्यादी प्रहरी गरी ५० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको प्रवक्ता थापाले बताए ।

उनका अनुसार मतदानको अघिल्लो साँझदेखि नै सुरक्षाकर्मीहरू सम्बन्धित बुथमा पुगेर जिम्मेवारी सम्हाल्ने, सूचना टाँस गर्ने, चारकिल्ला निर्धारण गर्ने तथा मतदान स्थल वरपर गस्ती बढाउने कार्य गरिनेछ ।

नेपाल प्रहरीले मधेश प्रदेशका आठ जिल्लामा चार जना एसएसपी खटाएको छ। एसएसपी कमल थापालाई धनुषा र महोत्तरी, एसएसपी भीमबहादुर दाहाललाई सिरहा र सप्तरी, एसएसपी शान्तिराज कोइरालालाई बारा र पर्सा तथा एसएसपी सुरेश काफ्लेलाई रौतहट र सर्लाहीको जिम्मेवारी दिइएको छ। जिल्लास्तरमा एसपीहरूले सुरक्षा कमान्ड सम्हाल्नेछन् ।

सिरहा, सर्लाही, रौतहट र पर्सालाई तुलनात्मक रूपमा बढी चुनौतीपूर्ण जिल्ला मानिएको छ। प्रमुख नेताहरूको उम्मेदवारी, दल परिवर्तन, धार्मिक संवेदनशीलता तथा अघिल्ला निर्वाचनका घटनालाई आधार मानेर ती क्षेत्रमा विशेष सतर्कता अपनाइएको जनाइएको छ ।

मधेश-प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये एक हजार २४६ मतदान स्थल अतिसंवेदनशील अवस्थामा रहेको, ७५५ मतदानस्थल संवेदनशील अवस्थामा रहेको तथा १५९ मतदान स्थल सामान्य अवस्थामा रहेको बताइएको छ । सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अतिसंवेदनशीलको सूचीमा छन् ।

त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोतरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदान स्थल अतिसंवेदनशील सूचीमा राखिएको छ ।

मधेश प्रदेशमा कूल चार हजार ४७१ मतदान केन्द्र रहेको जनाइएको छ । निर्वाचनमा प्रदेशमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्रगरी एक हजार २८ जना उम्मेदवार छन् ।

प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन् । जसमा पुरुषको संख्या १९ लाख पाँच हजार ८१९ तथा महिलाको संख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ ।

## ७२ घण्टाका लागि सीमा बन्द

आसन्न निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन मधेस प्रदेशका भारतसँग जोडिएका सबै सीमानाका सोमवार रातिदेखि ७२ घण्टाका लागि बन्द गरिने भएको छ । मधेस प्रहरी प्रमुख डिआइजी गोविन्द थपलियाका अनुसार भारतीय पक्षसँगको आवश्यक समन्वय र समभ्कदारीपछि सीमा सिल गर्ने निर्णय भएको हो । यो प्रतिबन्ध फागुन २१ गते बिहीबार राति १२ बजेसम्म कायम रहनेछ । तर परिक्रमामा सहभागी हुन आएकालाई कुनै अवरोध गरिने छैन ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन दुवै देशका सुरक्षा अधिकारीहरूबिच भएको सहमतिअनुसार आवतजावतमा रोकलगाइएकोहो।नाकाबन्दभएको अवधिमा एम्बुलेन्स, दमकल, शववाहन जस्ता अत्यावश्यक सेवा र मानवीय सहायताका बाहेक अन्य सबै प्रकारका सवारीसाधन र पैदल यात्रीको आवागमनमा पूर्ण रूपमा रोक लगाइने प्रहरीले जनाएको छ । खुला सीमाका कारण निर्वाचनका बेला हुन सक्ने अवाञ्छित गतिविधि र सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्न सीमा क्षेत्रमा सुरक्षा गस्ती समेत बढाइएको छ। निर्वाचन अवधिभर सीमा क्षेत्रको सुरक्षालाई मजबुत बनाउन सुरक्षा निकायले विशेष कार्ययोजना लागू गरेको छ ।

## मौन अवधि शुरू

यसैबीच प्रतिनिधि सभा निर्वाचनका लागि सोमवार मध्यरातिदेखि दुई दिनका लागि मौन अवधि सुरु भएको छ ।


मौन अवधि सुरु भएपछि कसैको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न वा भोट माग्न पाईंदैन । त्यसैले चुनावी सभा र प्रचारका लागि राजनीतिक दल तथा तिनका उम्मेदवारहरु व्यस्त छन् । मौन अवधि मध्यराति १२ बजेदेखि सुरु भएभएर मतदानको नसकिएसम्म लागु हुन्छ ।

मतदानको समयमा प्रतिस्पर्धीहरुबीच विवाद वा भ्कडप नहोस् र कुनै अप्रिय घटनाले मतदाता आतंकित नहोउन् भनेर मौन अवधि सुरु गर्ने प्रचलन छ । मौन अवधिमा प्रचारप्रसारका सबै गतिविधि शान्त हुने भएकाले मतदानको वातावरण बन्छ र मतदाताहरु उत्साहित भएर मतदान गर्छन् भन्ने अपेक्षा गरिन्छ ।

निर्वाचन आचारसंहितामा भनिएको छ, 'दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रकृया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचारप्रसार गर्न नहुने ।'

मौन अवधि सुरु भएपछि निर्वाचन अधिकृतको कार्यालयले सम्बन्धित दल वा उम्मेदवार हरुलाई मतदान केन्द्रको ३ सय मिटर वरपर राखिएका प्रचारप्रसार सामग्री हटाउन लगाउँछ ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८